# टक्सार क्षेत्रका उखानको सन्दर्भ विश्लेषण

अनिल अधिकारी, उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
बेनुबहादुर कार्की, शिक्षण सहायक, नेपाली विभाग, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर
Email : aniladhikaribhojpur@gmail.com

**लेखसार**

प्रस्तुत लेख टक्सारक्षेत्रका उखानको सन्दर्भविश्लेषण मूल समस्या तथा त्यसको प्राज्ञिक समाधानका लागि उखानमा वैयक्तिक, भौतिक, पारिस्थितिक र संज्ञानात्मक शोध्यप्रश्नको उत्तरसँग सम्बन्धित छ । यस लेखको शोधक्षेत्र लोकसाहित्यअन्तर्गत उखान तथा सिद्धान्त सङ्कथन अध्ययनअन्तर्गतको सन्दर्भ विश्लेषण हो । गुणात्मक अनुसन्धान विधि तथा विश्लेषणात्मक ढाँचामा तयार हुने यस लेखमा क्षेत्रान्वेषणबाट सङ्कलन गरिएका उखान प्रागमिक तथा अध्ययनको रिक्तताका लागि चयन भएका पूर्वकार्यसम्बद्ध द्वितीयक स्रोतका सामग्री उपयोग भएका छन् । यस लेखको सैद्धान्तिक आधार सन्दर्भविश्लेषण हो । सन्दर्भविश्लेषण प्रकार्यमा रहेको भाषाले बोक्ने अर्थ र त्यसले संवहन गर्ने व्यक्तिगत, भौतिक, परिस्थितिगत र संज्ञानात्मक पक्षका आधारमा सङ्कथनको विश्लेषण गर्ने सिद्धान्त हो । सन्दर्भ विश्लेषणका दृष्टिले टक्सार क्षेत्रका उखान अध्ययनीय छन् । यस क्षेत्रका उखानमा यस क्षेत्रका व्यक्ति, परिवार, समुदाय र समाजको बृहत्तर छातामा व्यक्तिका चाहना, आकाङ्क्षा र वैयक्तिक चेतनाको प्रतिबिम्बन र त्यसको प्रभाव एवम् असर वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत भएको छ । यस क्षेत्रका उखानमा अभिव्यक्त दैनिक जीवनयात्रासँग सम्बन्धित व्यवहारिक प्रयोजन जनजीवन र जीविकासँग सम्बन्धित दीर्घ अनुभव र त्यसको यथातथ्य प्रतिबिम्बन भौतिक सन्दर्भगत प्राप्ति हो । जीवनका लागि आवश्यक र अनिवार्य मानिने आर्थिक, सांस्कृतिक र सामाजिक परिस्थितिसँग सम्बन्धित द्वन्द्व, कार्यकारण, आचरण टक्सार क्षेत्रका उखानले बोकेको पारिस्थितिक सन्दर्भ हो । यस क्षेत्रका उखानमा उच्च नैतिक आचरणले मान्छेलाई स्थापित व्यक्तित्व प्रदान गरी सम्मानित जीवनतर्फ प्रवृत्त गर्ने तथा जीवनका लागि धीरता, शौर्य, सदाचार र स्वाभिमानको गरिमा स्थापित गरेर बाँच्न प्रेरित गर्ने संज्ञानात्मक सन्दर्भ प्रस्तुत भएको विषयमा विमर्श भएको छ ।

*शब्दकुञ्जी* : वैयक्तिक, भौतिक, पारिस्थितिक, संज्ञान, सन्दर्भ

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८०/०६/१२, लेख पुनरावलोकन मिति : २०८०/०८/०३,
लेख स्वीकृत मिति : २०८०/०९/०८ । **प्रकाशक** : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर ।

## विषयप्रवेश

प्रस्तुत लेख भोजपुर जिल्ला, भोजपुर नगरपालिका साविक टक्सार गाविसअन्तर्गत वडा नं. सात, आठ र नौ क्षेत्रगत सीमाङ्कनभित्र प्रचलनमा रहेका उखानको सन्दर्भ विश्लेषणसँग सम्बन्धित छ । भोजपुर जिल्ला सदरमुकामबाट छ कोस दक्षिणमा पर्ने यी साविक वडाहरू वर्तमान भोजपुर नगरपालिका वडा नं. १२ मा पर्दछन् । परम्परागत मौलिक संस्कृतिका दृष्टिले नेवारी संस्कृतिको प्रभाव रहेको यस स्थानमा जातिगत दृष्टिले नेवार समुदायका विभिन्न जातीय उपसमूहको जनसङ्ख्या कुल जनसङ्ख्याको आधाभन्दा बढी छ भने यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, तामाङ, दलित, राई, मगर, भूजेलजस्ता जातिको बसोबास छ । जातिगत विविधताका साथै सांस्कृतिक र भाषिक विविधता रहेको टक्सार क्षेत्रमा लोकसाहित्यको महत्त्वपूर्ण विधाका रूपमा उखान प्रचलनमा रहेका छन् । जीवनजगत्को अनुभव, अनुभूति र ज्ञाननिर्माणको दीर्घकालीन अभ्यासबाट निर्माण भएका उखानमा व्यक्ति, समाज, संस्कृति र संज्ञानको सारपूर्ण अभिव्यक्ति पाइन्छ ।

लोकसाहित्यको बृहत्तर विषयक्षेत्रको विधाका रूपमा नेपाली उखानको प्रयोग वैयक्ति सन्दर्भदेखि संज्ञानात्मक सन्दर्भको प्रस्तुति भएको छ । यस लेखको रिक्तता स्थापित गर्ने प्रयोजनका लागि प्रतिनिधिमूलक ढाँचामा भएका पूर्वकार्यको समीक्षा गर्नु उपयुक्त ठहर्दछ भने यी पूर्वकार्य नेपाली र हिन्दी भाषाबाट चयन भएका छन् ।

नेपाली लगायत अन्य भाषामा लोकोक्तिका विषयमा पर्याप्त खोज–अनुसन्धान भएका छन् । यस लेखमा नेपाली, संस्कृत, भोजपुरी, मैथिली र अवधि भाषामा रहेका लोकोक्तिको विश्लेषणका सन्दर्भमा रिक्तता पहिचानका लागि प्रतिनिधि पूर्वकार्यको समीक्षा भएको छ भने यसका लागि नेपाली र हिन्दी भाषाका अध्ययन समावेश छन् । रामकृष्ण शास्त्री (सन् १९६३/वि.सं. २०२०) को वैदिक सूक्त मञ्जरी शीर्षकको पुस्तकमा वैदिक संहिताको लेखनकै क्रममा सूक्ति र लोकोक्तिको लिप्यन्तरण भई जीवनोपयोगी ज्ञान निर्माण र प्रसारणको माध्यम बनेको विषयमा विमर्श भएको छ । बालकृष्ण पोखरेल (२०३६) को राष्ट्रभाषा पुस्तकमा नेपाली भाषामा शब्दार्थसम्बन्धका आधारमा अभिधामूलक, लक्ष्यार्थमूलक र व्यङ्ग्यार्थक विशेषता भएका उखान रहेको तथा यी उखानले वाच्यार्थदेखि व्यङ्ग्यार्थसम्मको आर्थी अभिलक्षण संवहन गर्ने अवधारणा प्रस्तुत गरेको छ । कृष्णप्रसाद पराजुली (२०३९) को नेपाली उखान र गाउँ खाने कथा शीर्षकको पुस्तकमा नेपाली उखानको सङ्कलनका साथै यसको सैद्धान्तिक व्याख्याका क्रममा नेपाली उखानमा रहेको विविध स्वरूप तथा प्राप्तिका विषयमा विमर्श गरेको छ । धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१) को नेपाली लोकसाहित्यको विवेचना शीर्षकको पुस्तकमा उखान अर्थात् लोकोक्तिको सार्विक विशेषता सङ्क्षिप्तताभित्र अनुभव र अनुभूतिको बृहत्तर संज्ञान रहने सामाजको सम्पत्तिका रूपमा विवेचना भएको छ ।

उखानका सन्दर्भमा बलदेव उपाध्याय (सन् १९९३/वि.सं. २०५०) को सूक्तिमञ्जरी शीर्षकको पुस्तकमा संस्कृत भाषामा रहेका सूक्तिको हिन्दी भाषामा अनुवाद तथा तिनको अभिलक्षणका सम्बन्धमा सामान्य चर्चा भएको छ । ज्ञानमणि नेपाल (२०५९) को 'नेपाली साहित्यमा आदिकविको समस्या' शीर्षकको लेखमा लिखित सङ्ग्रहणका दृष्टिले महाकवि उदयानन्द अर्यालद्वारा सङ्कलित सूक्तिका आधारमा लोकसाहित्यको प्रथम सङ्कलनकर्ताका रूपमा उनको भूमिकाका विषयमा विमर्श भएको छ । सुकुम शर्मा (२०५९) को नेपाली भाषामा टर्नरको योगदान शीर्षकको पुस्तकमा नेपाली भाषामा रहेका उखान वा लोकोक्ति तथा यिनको भाषिक पक्षका विषयमा विवेचना भएको छ । शिवप्रसाद भारद्वाज (सन् २००७/वि.सं. २०६४) को सम्पादकत्वमा प्रकाशित संस्कृतको हिन्दी–अङ्ग्रेजी शब्दकोश शीर्षकको साहित्यकोशमा संस्कृत सूक्ति र लोकोक्तिको सङ्कलनका साथै यिनका अभिलक्षणका विषयमा विमर्श भएको छ । अनिल अधिकारी (२०७४) को "टक्सारक्षेत्रका संस्कृति र लोकसाहित्यको अन्तर्सम्बन्धको विवेचना" शीर्षक लेखमा यस क्षेत्रका लोकसांस्कृतिक परम्परा र तिनको प्रतिबिम्बन लोकसाहित्यका विधा उपविधामा कसरी भएको छ भन्ने पक्षको सभेक्षणात्मक अध्ययन भएको छ । बाबुराम तिमल्सेना (२०७७)को संस्कृत सूक्ति र नेपाली लोकोक्तिको तुलनात्मक अध्ययन शीर्षकको विद्यवारिधि शोधप्रबन्धमा लोकोक्ति र सूक्तिको तुलनात्मक अध्ययन विश्लेषण तथा तिनमा अवशिष्ट विभेदक अभिलक्षणका सम्बन्धमा विवेचना भएको छ । उखानका सम्बन्धमा भएका उपर्युक्त प्रतिनिधि पूर्वकार्यले उखानमा अभिव्यक्त संरचना र भावगत प्राप्तिलाई संश्लेषण गरेका छन् । यी अध्ययनका आधारमा नेपाली उखानमा प्रतिबिम्बित सन्दर्भ विश्लेषणका लागि रिक्तता रहको स्पष्ट हुन्छ ।

सन्दर्भ विश्लेषण नवसमालोचनाशास्त्रले अघिसारेको अनुच्छेद संरचनाभन्दा माथिल्लो भाषिक एकाइमा शब्द र वाक्यको अर्थभन्दा पृथक् भाषाले निर्माण गरेको सन्दर्भका आधारमा पाठको अर्थ खोज्ने अध्ययन पद्धति हो । पाठमा शब्द तथा वाक्यले दिने अर्थभन्दा माथि तिनै भाषिक एकाइले निर्माण गर्ने सन्दर्भका आधारमा अर्थ खोजी विवेचना गनुपर्ने विषय यस पद्धतिको अभिलक्षण हो । बहुअनुशासनात्मक र अन्तर्विषयक समालोचनाका रूपमा व्याख्येय रहेको यस सिद्धान्तले पाठमा रहेका सन्दर्भले व्यक्ति, समाज, संस्कृति र संज्ञानको अवस्थाका आधारमा पाठको अर्थ निर्धारण हुने

अवधारणा अघिसारेको छ । सन्दर्भले प्रकार्यात्मक, साङ्केतिक, समाज, मनोभाषाविज्ञान तथा अर्थविज्ञानजस्ता क्षेत्रबाट सैद्धान्तिक आधार प्राप्त गरेको छ । सङ्कथनमा आएका शब्द तथा त्यसले निर्माण गरेको सन्दर्भले बोक्नसक्ने अर्थको विस्तृत तथा सूक्ष्म तहसम्म पुगेर अर्थको खोजी गर्ने यस सिद्धान्तले पाठमा अवशिष्ट अर्थलाई पाठबाहिरका सन्दर्भका आधारमा विश्लेषण गरी फरकफरक सन्दर्भको समुच्चयका रूपमा सिङ्गो पाठात्मक अर्थ निर्धारण गर्दछ ।

भोजपुर टक्सारका उखानको सार्विक विशेषता नेपाली उखानसँग मिल्ने तथा एकै सन्दर्भलाई प्रस्तुत गर्ने विशेषता भएका छन् । यस अध्ययनका लागि चयन भएका लोकोक्तिमा समाजमा स्थापित र प्रचलनमा रहेका संस्कृति र विश्वासका आधारमा निर्माण भएका व्यक्तिगत, भौतिक, पारिस्थितिक र संज्ञानात्मक सन्दर्भको अभिव्यक्ति छ । नेपाली समाज र संस्कृतिलाई प्रतिबिम्बन गर्ने यस क्षेत्रका उखानमा समाजप्रदत्त ज्ञानबाट निर्माण भएका व्यक्तिगत अनुभव र अनुभूतिका साथै व्यक्तिलाई नै केन्द्रमा राखी निर्माण भएका छन् । वैयक्तिक सन्दर्भका साथै सामाजिक, सांस्कृतिक, पारिस्थितिक तथा संज्ञानात्मक सन्दर्भको प्रयोग भएका उखानमा समाज, सांस्कृतिक परिस्थितिका साथै आप्तवाक्यका रूपमा संज्ञानात्मक पक्षको विशेष उपस्थिति र प्रयोग छ । टक्सारक्षेत्रका उखानमा वैयक्तिक सन्दर्भका रूपमा व्यक्ति, व्यक्तिगत सम्बन्ध, व्यक्तिका चारित्रिक विशेषताका साथै सामाजिक भूमिकाको प्रतिबिम्बन भएको छ । उक्त क्षेत्रका उखानमा भौतिक सन्दर्भका रूपमा नेपाली समाज र यसको भौतिक पक्षका रूपमा नेपाली जनजीवनको वास्तविकता र भौगोलिक अवस्था प्रस्तुत भएका छन् । नेपाली जनजीवन र जनजीविकका विविध पक्षको प्रतिबिम्बन भएका यस क्षेत्रका उखानमा सामाजिक संस्कृतिको गहनतम अभिव्यक्ति र जीवन अनुभव र अनुभूतिको सुदीर्घ परम्पराको सारपूर्ण अभिव्यक्ति प्रस्तुत भएका छन् । टक्सार क्षेत्रका उखानको विश्लेषण गर्ने यस लेखको सैद्धान्तिक आधार सन्दर्भ विश्लेषण मुख्य प्राज्ञिक समस्याको समाधानमा केन्द्रित छ ।

**समस्याकथन**

प्रस्तुत लेखमा उठान भएको मुख्य समस्या नेपाली उखानमा अभिव्यञ्जित उखानको सन्दर्भ विश्लेषणको निरूपण नै हो । उखान मानव सभ्यता र संस्कृतिको लामो अभ्यासबाट निर्मित सारपूर्ण कथन हो । नेपाली उखानमा नेपाली समाज, सामाजिक संस्कृति र संज्ञानको गहन अभिव्यक्ति भएका छन् । नेपाली उखानका सम्बन्धमा भएका पूर्वाध्ययनमा उखानको स्वरूप, संरचना तथा यसमा सन्निहित अर्थ तथा तिनको सामाजिक र सांस्कृतिक उपादेयताका विषयमा विवेचना भए पनि सन्दर्भ विश्लेषणका आधारमा रहेको रिक्तताको परिपूर्ति हुने यस अध्ययनको पूर्णताका लागि निम्नलिखित शोध्यप्रश्न निर्धारण भएका छन् ।

(क) उखानमा वैयक्तिक सन्दर्भ केकस्तो छ ?
(ख) उखानमा भौतिक सन्दर्भ कसरी छ ?
(ग) उखानमा पारिस्थितिक सन्दर्भ कसरी छ ?
(घ) उखानमा संज्ञानात्मक सन्दर्भ किन छ ?

प्रस्तुत लेखको उद्देश्य भोजपुर जिल्ला, भोजपुर नगरपालिका वडा नं. १२ साबिक टक्सार गा. वि. स. वडा नं. ७, ८ र ९ वडामा प्रचलनमा रहेका उखानको सन्दर्भ विश्लेषणसँग सम्बन्धित छ । सांस्कृतिक विविधता रहेको यस क्षेत्रमा प्रचलनमा रहेका उखानको सार्विक विशेषता नेपाली उखानसँग मिल्ने सन्दर्भका छन् । यस क्षेत्रका उखानमा रहेको सन्दर्भ विश्लेषणका आधारमा नेपाली भाषाका उखानको सन्दर्भ विश्लेषण गर्ने आधार निर्माण गर्ने उद्देश्यका साथै यस विषयसँग सम्बन्धित ज्ञाननिर्माण गर्ने भएकाले यस लेखको प्राज्ञिक औचित्य पनि रहेको छ ।

## *शोधविधि*

प्रस्तुत लेखका लागि शोधक्षेत्र, सामग्री सङ्कलन, विश्लेषण र अर्थापनका लागि निम्नलिखितअनुसारको शोधविधि अवलम्बन भएको छ ।

### *शोधक्षेत्र र सामग्री सङ्कलनविधि*

प्रस्तुत लेखको शोधक्षेत्र लोकसाहित्य तथा त्यसका अन्तर्यमा नेपाली उखान हो । यस लेखका लागि भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नं. १२ साबिक टक्सार गा. वि. स. वडा नं. ७, ८ र ९ मा प्रचलनमा रहेका उखानको सङ्कलन गरी तिनको सन्दर्भ विश्लेषण भएको छ । यसका लागि प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्री उपयोग भएका छन् । प्राथमिक सामग्री भोजपुर नगरपालिका स्थित टक्सारक्षेत्रका उखान हुन् । विश्लेषणका लागि चयन भएका उखानको सङ्कलन क्षेत्रान्वेषणबाट भएको छ । उखानको सङ्कलनका लागि प्रश्नावलीको निर्माण गरी उत्तारदातासँगको प्रत्यक्ष अन्तर्वार्ताका आधारमा भएको छ । लोकजीवन र व्यवहारलाई नियालेका उक्त क्षेत्रका ज्येष्ठ नागरिक, शिक्षक तथा यस विषयका जानकार व्यक्तिसँगको अन्तर्वार्ताबाट प्राप्त सामग्रीलाई लेखन र टङ्कण गरी तिनमा रहेका विशेषताका आधारमा विश्लेषणका लागि वर्गीकरण भएको छ । यस लेखका लागि द्वितीयक स्रोत पुस्तकालय हो । अध्ययनको रिक्तता स्थापित गर्ने प्रयोजनका लागि चयन भएका पूर्वाध्यायनसम्बद्ध सामग्री तथा सैद्धान्तिक आधार निर्माणका लागि उपयोग भएका पुस्तक द्वितीयक स्रोतका सामग्री हुन् ।

### *विश्लेषणविधि*

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ । यो लेख क्षेत्रान्वेषण र पुस्तकालय स्रोतबाट सङ्कलित सामग्रीलाई विषयगत आधारमा वर्गीकरण गरी अर्थापन गरिने भएकाले यो व्याख्यात्मक, विवेचनात्मक र विश्लेषणात्मक विधिमा आधारित छ । सङ्कलित उखानमा वैयक्तिक, भौतिक, पारिस्थितिक र संज्ञानात्मक सन्दर्भको विश्लेषण गरिने यो लेख क्षेत्र र पुस्तकालय कार्यबाट भएको छ । यो सिद्धान्तनिष्ठ अध्ययन भएकाले यसको मुख्य पद्धति निगमनात्मक अनुसन्धान र सैद्धान्तिक आधार सन्दर्भविश्लेषण हो ।

### **सैद्धान्तिक आधार**

सन्दर्भ विश्लेषण भाषिक प्रकार्यका आधारमा सङ्कथनको विश्लेषण तथा अर्थापन गर्ने भाषापरक अनुशासन हो । सन्दर्भ विश्लेषण भाषाले प्रकार्यात्मक भूमिकामा रही निर्माण गर्ने सन्दर्भ तथा ती सन्दर्भले निर्माण गर्ने अर्थका आधारमा पाठको अर्थ खोज्ने अनुशासन हो । पाठमा प्रयुक्त भाषा र त्यसले निर्माण गर्ने सन्दर्भका आधारमा कृतिगत अर्थको विश्लेषण गर्ने यस अनुशासनमा पाठभित्रका सन्दर्भका आधारमा पाठगत अर्थको खोजी गरिन्छ । सन्दर्भ विश्लेषणको मूलभूत विशेषता भन्नु पाठमा निहित अर्थका आधारमा पाठात्मक केन्द्रीय अर्थको निर्माण हुन्छ भन्ने सिद्धान्तका विपरीत भाषाले सन्दर्भको निर्माण गर्ने हुनाले त्यसका आधारमा भाषा र पाठनिष्ठ अर्थको खोजी सम्भव हुन्छ भन्ने नै हो । पाठमा सन्दर्भको निर्माणका लागि वाक्यभन्दा माथिल्लो संरचनामा अवशिष्ट आधार मानिन्छ । सङ्कथन अध्ययनमा सन्दर्भ विश्लेषणको न्यूनतम आधार अनुच्छेद हो भने एकभन्दा बढी अनुच्छेद भएका पाठमा रहेका सन्दर्भका आधारमा यस यसको विश्लेषण प्रभावकारी मानिन्छ । सङ्कथन निर्मापक एकाइका रूपमा सन्दर्भ विश्लेषणले एकभन्दा बढी अनुच्छेद भएका रचनामा निहित भन्दा अर्थले एकल अनुच्छेद वा त्यसको निर्माण गर्ने वाक्यात्मक प्रकार्यमा रहेका अर्थलाई प्रतिस्थापन गरी समग्रार्थमा पाठको अर्थलाई डोहोऱ्याउने प्रक्रियालाई बुझाउँछ (चाइल्ड र फाउलर, सन् २००६, पृ. ३५) ।

सन्दर्भ विश्लेषणको अभिप्राय पाठमा अवशिष्ट सूक्ष्म भाषिक एकाइमा रहेका अर्थप्राप्ति गर्ने आधार नभई सङ्कथनलाई समग्रतामा हेरी त्यसमा रहेका सन्दर्भका आधारमा अर्थ निर्धारण गर्ने भाषापरक सिद्धान्त हो । सन्दर्भ भाषिक प्रकार्यका आधारमा निर्माण हुने तथा त्यसबाट निर्मित अर्थ निश्चित र केन्द्रीकृत नभई बृहत् अर्थीसम्बन्धबाट निर्माण हुन्छ भन्ने पक्षको खोजी सन्दर्भ विश्लेषणमा गरिन्छ । पाठ निर्माणका क्रममा एकै केन्द्रीय अर्थको प्रतिपादनको उद्देश्य रहे पनि मुख्यार्थको प्रतिपादनका लागि अवलम्बन गरिने विविधतापूर्ण सन्दर्भ तथा ती सम्पृक्त सन्दर्भका आधारमा एकै अर्थलाई केन्द्रीय अर्थमा जोडी कृतिमा अभिव्यञ्जित निहितार्थ निर्माण गर्ने आधार सन्दर्भ विश्लेषणका माध्यमबाट हुन्छ (कडन, सन् २०१३, पृ. १५५) । सुसम्बद्ध पाठ निर्माणका लागि कथ्यमा प्रस्तुत भएका घटना, तिनको विश्वसनीयता, वैधता तथा सामाजिक संस्कृतिका आधारमा निर्माण भएका संज्ञानको उपादेयतालाई पुष्टि गर्ने विषयको प्रस्तुतिका क्रममा पृथक् अर्थका आधारमा सम्बद्ध विषयको प्रस्तुति हुने सम्भावना रहे पनि ती विविधतालाई प्रतिबिम्बन गर्ने सन्दर्भ पाठको समग्रार्थ प्रस्तुतिका सन्दर्भमा एकै अर्थमा जोडिने भाषाकेन्द्री मान्यता सन्दर्भ विश्लेषणको आधार हो ।

सङ्कथनको निर्माणका क्रममा एकै सन्दर्भको पुनरावृत्ति नभई फरकफरक सन्दर्भको अन्वय हुने गर्दछ । भाषाको प्रकार्यात्मक भूमिकाका आधारमा निर्माण हुने पाठले तात्कालिक अर्थलाई मात्र प्रतिबिम्बन नगरी यसले बृहत्तर सन्दर्भलाई सङ्केत गर्दछ । सङ्कथन विश्लेषण गर्दा शब्दले दिने कोशीय अर्थलाई आधार नमानी शब्दले बोकेको बृहत्तर सन्दर्भलाई आधार मानी त्यसले अधिग्रहण गर्ने विस्तृत अर्थको खोजी गरिनुपर्दछ । सन्दर्भ विश्लेषण सङ्कथनात्मक संरचनाले सङ्केत गर्ने वैयक्तिक, पारिस्थितिक, दार्शनिक, ऐतिहासिक, सांस्कृतिक तथा संज्ञानका आधारमा गरिने अध्ययन सन्दर्भ विश्लेषण हो (बल्डिक, सन् २००६, पृ. ५०) । सन्दर्भ विश्लेषणमा पाठले अभिव्यक्त गर्न खोजेको एक अर्थकेन्द्री अध्ययनबाट नभई बहुविषयक अवधारणाका आधारमा अर्थ खोज्ने आधार निर्माण गरेको छ । एउटा पाठमा एउटै सन्दर्भलाई केन्द्रीकृत गरी वा त्यसलाई पछयाई विविधताका आधारमा केन्द्रीय तर एउटै अर्थको खोजी गरिन्छ । सङ्कथनमा रहेका भाषिक तथा गैरभाषिक सङ्केतका आधारमा गरिने विश्लेषणमा पाठमा आएका भाषिक सङ्केतमा रहेका पाठबाहिरका सन्दर्भ तथा तिनको सामाजिक अभ्यासलाई हेरिनु सन्दर्भपरक अध्ययनको अभिप्राय हो (घिमिरे, २०६९, पृ. ५) । सन्दर्भ विश्लेषण मूलभूतमा प्रकार्यको विश्लेषण हो भने यसले सङ्केत व्यवस्थाका आधारमा पाठको समग्र अर्थ तथा त्यसको प्राप्तिको आधार खोज्दछ । सन्दर्भ विश्लेषण मुख्यतः पाठकेन्द्री अध्ययन गर्ने अनुशासन हो भने पाठमा रहेको विविध सङ्केतका आधारमा व्यक्ति, परिवेश, संस्कृत, सांस्कृतिक विश्वासका आधारमा निर्माण भएका परिस्थिति तथा संज्ञानका आधारमा स्थूल एवम् सूक्ष्म अर्थ प्राप्त गर्ने अध्ययन पद्धति हो ।

सन्दर्भ विश्लेषणमा पाठमा प्रस्तुत भएका वा चित्रण गरिएका व्यक्ति, व्यक्तिको मानसिक संसार, मनस्थिति, सामाजिक स्थिति, परिस्थिति, संस्कृति, व्यक्तिगत र सामाजिक ज्ञान, सांस्कृतिक अभ्यासको खोजी तथा तिनका आधारमा सङ्कथनको अर्थ खोजिन्छ । पाठले निश्चित विषयलाई कथ्यसन्देशका रूपमा सम्प्रेषण गर्ने तथा ती सन्देश सन्दर्भका माध्यमबाट प्रस्तुत हुने भएकाले पाठ निर्मापक एकाइका रूपमा आएका सन्दर्भका सूक्ष्म एकाइले दिने विविधतापूर्ण अर्थको पारस्परिक सम्बन्धबाट केन्द्रीय अर्थको यस सिद्धान्तले गर्दछ । सन्दर्भ विश्लेषण पाठमा आएका वैयक्तिक, सामाजिक, सांस्कृतिक स्थिति र परिस्थितिले पाठ निर्माणमा खेलेको भूमिका, पाठमा प्रस्तुत भएका घटना र त्यसले पाठ निर्माणमा खेलेको भूमिका, भाषाले संरचना निर्माणका क्रममा सङ्केत गरेका वैयक्तिक सन्दर्भ, सामाजिक सन्दर्भ, सांस्कृतिक सन्दर्भ तथा व्यक्तिको ज्ञानमा आधारित सन्दर्भसमेतलाई विवेचना गरी पाठको अर्थ निर्धारण गर्दछ (फ्लावरड्यू, सन् २०१०, पृ. ४) । सन्दर्भ विश्लेषण पाठात्मक संसारमा आएका विषयलाई बाह्यसंसारमा भएका अभ्याससँग समन्वय गरी अर्थ निर्माण तथा विश्लेषण गर्ने सिद्धान्त भएकाले यसमा मूलभूत रूपमा व्यक्ति र यससँग जोडिएका सन्दर्भ तथा व्यक्तिको भौतिक संसारसँगको सम्बन्ध, पारिस्थितिक अवस्था तथा मान्छेको संज्ञानसँग सम्बन्धित पक्षका आधारमा पाठको विश्लेषण गर्दछ । सन्दर्भ विश्लेषण सङ्कथन कथ्य, लेख्य वा साङ्केतिक पाठमा अभिव्यक्त प्रत्यक्ष साक्षात्कार हुने वा मानसिक बिम्बका

रूपमा रहने अर्थका आधारमा समग्रार्थ निर्माण गर्ने सिद्धान्त रहेकाले यो आफैँमा भाषाको प्रकार्यपरक अध्ययन पद्धतिका रूपमा विकास भएको सिद्धान्त पनि हो ।

भाषा र भाषिक सङ्केत व्यवस्थामा निश्चित प्रकार्य रहने गर्दछ । भाषिक प्रकार्यको अर्थ प्रयोगमा रहेको भाषाले दिने अर्थको प्रणाली हो । भाषिक व्यवस्थाका आधारमा तिनको भूमिका अर्थ र अर्थहरूको अन्वयबाट निर्माण हुने सन्दर्भ विश्लेषणमा प्रयोगमा रहेका भाषाका आधारमा समग्रार्थको खोजी गरिन्छ ।व्यवस्थापरक प्रकार्यपरक भाषाविज्ञानका अनुसार पाठले भौतिक संसारको वास्तविकता (वस्तुगत संसार, सामाजिक संसार र मानसिक संसार)का सहभागीहरूका बीच सम्बन्ध स्थापना गरेको हुन्छ । सहभागीका अभिवृत्ति, इच्छा, मूल्य, मान्यता आदिलाई अन्ततः सम्बन्धित तुल्याई पाठलाई परिस्थितिजन्य सन्दर्भसँग जोड्ने कामसमेत गरेको हुन्छ (गौतम, २०६८, पृ. ५८२) । भाषाविज्ञानको आधुनिक सिद्धान्तअन्तर्गत व्यवस्थापरक भाषाविज्ञानका अवधारणा तथा त्यसको दार्शनिक र सैद्धान्तिक आधारबाट विकास भएको नवसमालोचनाशास्त्रको अध्ययन पद्धतिका रूपमा सन्दर्भ विश्लेषणको विकास भएको हो । सङ्कथन अध्ययनको प्रमुख अध्ययन क्षेत्र सन्दर्भ विश्लेषण हो भने यसले सबै प्रकारका सङ्कथनमा आएका भाषा र सङ्केत व्यवस्थाले निर्माण गर्ने सन्दर्भको खोजी गरी पाठात्मक अर्थलाई प्रकाशित गर्दछ । सन्दर्भ विश्लेषण साहित्यको भाषापरक अध्ययन गर्ने सिद्धान्त हो भने यसले पाठात्मक अर्थलाई शब्द र वाक्यमा रहेका अर्थबाट सम्पृक्त गरी सन्दर्भका आधारमा विवेचना गर्नुपर्ने विधान निर्माण गरेको छ (अधिकारी, २०८०, पृ. ६५) । व्यवस्थापरक प्रकार्यात्मक भाषाविज्ञानको सैद्धान्तिक आधारबाट निर्माण भएको सन्दर्भ विश्लेषण पाठले अभिव्यक्त गरेका भौतिक संसार र तद्विषयक ज्ञानलाई व्यक्तिगत मनोविज्ञान र ज्ञानसँग जोडी संज्ञानको तहसम्म पुऱ्याउने माध्यम पनि हो ।

भाषामा व्यवस्था हुने भाषावैज्ञानिक मान्यताका आधारमा भाषिक प्रकार्यको खोजी गर्ने सन्दर्भ विश्लेषण भाषिक सङ्केतमा समावेश भएका व्यक्तिगत, भौतिक, पारिस्थितिक, सामाजिक, सांस्कृतिक र संज्ञानात्मक सन्दर्भको विश्लेषण गरिन्छ । भाषिक सन्दर्भमा उल्लेख भएका विषयका अतिरिक्त पाठमा समावेश भएका सामाजिक जीवनका विविधता र सामाजिकीकरण प्रक्रियाका साथै सांस्कृतिक स्थितिको विवेचनाबाट पाठात्मक संसारमा रहेका सन्दर्भको वास्तविक अर्थ प्राप्त हुन्छ (ह्यालिडे र म्याथिसेन, सन् १९७७, पृ. ३१–३२) । सन्दर्भ विश्लेषणमा साहित्यिक पाठमा आएका घटना, घटनाशृङ्खला, वातावरण र संस्कृतिका आधारमा निर्माण भएका व्यक्तिगत, भौतिक, सामाजिक–सांस्कृतिक र संज्ञानात्मक विषयका माध्यमबाट पाठगत अर्थको निर्धारण हुन्छ । सन्दर्भ विश्लेषण पाठमा छरिएर रहेका अर्थका आधारमा समग्रार्थको निर्धारण गर्ने सिद्धान्त भएकाले यसलाई समग्रतावादी अध्ययनपद्धति पनि भनिन्छ । भाषिक प्रकार्यको तात्पर्य प्रयोगमा रहेको भाषाको प्रयोजन पनि हो भने पाठको समग्रार्थ वा निहितार्थ प्राप्तिका लागि सन्दर्भ विश्लेषण महत्त्वपूर्ण प्राप्ति हो । भाषिक संरचनामा खास उद्देश्यमा प्रयोग हुँदा भाषाको रूप र संरचनाले दिने विशेष अर्थ सन्दर्भ रहेकाले यो निहितार्थतासँग जोडिन्छ (गी, सन् १९९९, पृ. १००) । सङ्कथन संरचनाका सन्दर्भमा आएका भाषाको निश्चित प्रयोजन रहने तथा ती भाषिक प्रयोजन पाठको वास्तविक अर्थ प्राप्तिको आधार भएकाले यो समाज, सामाजिक अभ्यास, संस्कृति, सांस्कृतिक अभ्यास तथा समाजमा ज्ञान निर्माणको प्रक्रियासँग जोडिन्छ ।

सन्दर्भ विश्लेषणमा साहित्यिक वा गैरसाहित्यिक पाठको सन्दर्भपरक विश्लेषण गर्दा पाठात्मक संसारमा रहेका सन्दर्भलाई पाठबाहिरको सन्दर्भसँग जोडी तिनको प्रकार्यमा निहित अर्थको खोजी गरिन्छ । श्रुतिपरम्पराबाट पुस्तान्तरण भई आएका लोकसाहित्य होस् वा कलात्मक रागात्मकता प्रतिबिम्बन हनु सौन्दर्यशाली लेख्य साहित्यको विश्लेषणका लागि ती कृतिले अधिग्रहण गरेको विषयअन्तर्गत, कृतिलेखनको आधार, समय, परिस्थिति, विश्वदृष्टिकोण, सामाजिक अभ्यास तथा त्यसले व्यक्तिको ज्ञान निर्माणमा खेलेको भूमिकालाई आधार बनाइन्छ । सन्दर्भ विश्लेषण अन्तर्विषयक अध्ययन रहेको तथा यसको प्रवृत्ति बहुपक्षीय भएकाले यसमा सङ्कथनको पाठपरक अर्थसँग संज्ञानात्मक, सामाजिक, राजनैतिक,

ऐतिहासिक आयामहरूलाई पनि एकीकृत गर्नुपर्छ (एटम, २०७४, पृ. २४१)। भाषिक प्रयोग सन्दर्भ विशेषमा हुने भएकाले प्रयोगमा रहेको भाषिक रूपले सन्दर्भलाई संमेट्ने विषयका आधारमा सन्दर्भको विश्लेषण गरिन्छ। सन्दर्भ समायोजित भएर नै पाठको निर्माण हुने तथा भाषिक रूपमा नै प्रकार्य सन्निहित रहने भएकाले भाषिक रूपको अध्ययनमा सन्दर्भको अनिवार्यता एवम् त्यसैमा प्रकार्यको पनि निर्धारण हुने भएकाले सन्दर्भ र प्रकार्य परस्परमा अन्तर्सम्बन्धित विषय हुन्।

भाषाको प्रकार्य प्रकार्य र सन्दर्भको अन्वयका आधारमा सन्दर्भविश्लेषणले सैद्धान्तिक आकार प्राप्त गर्दछ। भाषिक रूपको अध्ययन भनेको प्रकार्यको अध्ययन हो र प्रकार्यको अध्ययनमा स्वतः सन्दर्भ समाहित हुन्छ भन्ने कुरा स्पष्ट छ (गौतम, २०६८, पृ. ५७२)। सन्दर्भ विश्लेषणको आधार प्रयोगमा रहेको भाषा भएकाले कृतिमा भाषाले जति सन्दर्भलाई बोक्नसक्दछ पाठात्मक अर्थको समग्रता त्यहाँसम्म विस्तारित हुने अभिलक्षणाका आधारमा यो अन्तर्विषयक र बहुअुशासन अपेक्षित रहने सङ्कथन अध्ययनको सिद्धान्त हो। नेपाली लोकजीवनमा लामो सांस्कृतिक अभ्यासबाट निर्माण भई संज्ञानको स्वरूप प्राप्त गरेका उखानले बृहत्तर सन्दर्भको प्रतिनिधित्व गर्दछन्। व्यक्तिको वैयक्तिकताका साथै सामाजिक संरचनाका गतिविधिलाई सङ्क्षिप्त संरचनामा अभिव्यक्त गर्ने सारपूर्ण कथनका रूपमा उखानमा भौतिक, पारिस्थितिक र संज्ञानात्मक सन्दर्भको विस्तृत संयोजन भएको छ। भोजपुर जिल्ला वडा नं. १२ क्षेत्रमा प्रचलनमा रहेका तथा नेपाली उखानको सार्विक विशेषता अवलम्बन भएका उखानमा व्यक्तिगत, पारिवारिक, सामाजिक, सांस्कृतिक तथा संज्ञानात्मक सन्दर्भका कोणबाट अध्ययनीय सामग्री रहेको छ।

## नतिजा र विश्लेषण

नेपाली उखानको सार्विक विशेषता बोकेका टक्सारका उखानमा व्यक्तिगत सम्बन्ध र सहअस्तित्वका साथै त्यसका अन्तर्यमा वैयक्तिक सन्दर्भको प्रयोग भएको छ। भौतिक सन्दर्भका रूपमा नेपाली परिवेशलाई प्रतिबिम्बन गर्ने यस क्षेत्रका उखानमा पारिस्थितिक सन्दर्भका रूपमा नेपाली परिवेशमा अवस्थित जनजीवन, जनजीविका त्यसको सामाजिक प्रतिबिम्ब प्रस्तुत भएका छन्। समाजमा स्थापित विचारधारा, सांस्कृतिक अभ्यास र त्यसले निर्माण गरेको विश्वासका आधारमा संज्ञानात्मक सन्दर्भको प्रस्तुति भएका उखानमा अभिव्यक्त सन्दर्भगत विविधताको विश्लेषण तलका अलगअलग उपशीर्षकमा भएको छ।

### टक्सारका उखानमा वैयक्तिक सन्दर्भ

वैयक्तिक सन्दर्भ प्रयोगमा रहेको भाषाले अधिग्रहण गरेको भाषिक अर्थ र त्यसमा प्रतिबिम्बित व्यक्तिनिष्ठ अर्थसँग सम्बन्धित विषयको विश्लेषण गर्ने सन्दर्भविश्लेषणको प्रतिमान हो। वैयक्तिक सन्दर्भले व्यक्ति, वैयक्तिक चेतना तथा व्यक्तिको जीवन दृष्टिकोणसँग सम्बन्धित अर्थ सङ्कथनमा कसरी प्रयोग भएको छ भन्ने पक्षका आधारमा सङ्कथनको विश्लेषण गर्दछ। टक्सार क्षेत्रका उखान वैयक्तिक सन्दर्भका रूपमा व्यक्ति, परिवार र समाजमा तिनको भूमिकासम्बन्धी ज्ञानको उत्पादन र प्रसारणँग सम्बन्धित विषयमा आधारित छन्। टक्सारका उखानमा नेपाली समाजमा परिवार र व्यक्तिको व्यक्तित्व निर्माण गर्नका लागि नारीभूमिकाको अपरिहार्यताका साथै नारीमाथि हुने विभेदपूर्ण दृष्टि अन्तर्वस्तुका रूपमा प्रस्तुत भएका छन् भने तिनले उखानको परम्परामा वैयक्तिक सन्दर्भका माध्यमबाट भौतिक, पारिस्थितिक र संज्ञानात्मक सन्दर्भलाई पनि कथ्यका रूपमा प्रस्तुत गरेका छन्। नारीबिना पुरुषको अस्तित्व स्थापित नहुने वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत उखानको अन्तर्वस्तु हो। "जहाँ स्त्री त्यहाँ श्री" (कालीदास चापागाई वर्ष ६७ सँगको अन्तर्वार्ता)। प्रस्तुत उखानमा पुरुषले श्री प्राप्ति गर्नुको अन्तर्य नै नारीभूमिकाका कारण हो भन्ने विषय यस उखानको मुख्य भावगत प्राप्ति हो। प्रस्तुत उखानमा नारीपुरुष लैङ्गिक सहअस्तित्वका कारण नै व्यक्ति परिवारमा, परिवार समाजमा रूपान्तर भई सामाजमा विभिन्न अभ्यासका माध्यमबाट संस्कृतिको निर्माण गरी तिनको संज्ञानात्मक स्वरूप नै

आप्तवाक्यका रूपमा विकास भएको विषय प्रस्तुत भएको छ। नारीलाई केन्द्रका रूपमा लिई पुरुषको व्यक्तित्व र अस्तित्व निर्माणका लागि नारीभूमिकालाई मुख्य कथ्यसन्देशका रूपमा प्रस्तुत गर्ने यस उखानले नेपाली समाजमा नारीको महत्त्व तथा गरिमालाई स्थापित गरी नारीव्यक्तित्वलाई पुरुष समान मात्र नभई पुरुषलाई श्री अर्थात् पुरुषको वैभवको प्रतीकका रूपमा महिमामण्डन गरेको छ।

सामाजिक विचारधारा र अभ्यासका कारण नारीलाई पारिवारिक भूमिकामा मात्र सीमित गरी सत्ता आफ्नो आधीन तुल्याउने सांस्कृतिक अभ्यासका कारण दमनीय भूमिकामा रहे पनि नारीको सर्वोच्चतालाई व्यक्तिगत रूपमा स्वीकृत सन्दर्भ हो। नारीलाई सामाजिक र सांस्कृतिक अध्यासमा भूमिकाविहिन तुल्याए पनि पारिवारिक संरचना र त्यसको गतिशीलता निर्माणका लागि अनिवार्य नारीभूमिकाको महत्त्वले नारीको परिवार र समाजनिर्माण योगदानलाई प्रष्टपार्दछ। समाजको अभिन्न एकाइ मानिने परिवारमा नारीको वैयक्तिक महत्त्व र यससँग जोडिएको सन्दर्भ निम्नलिखित उखानमा अभिव्इक्त भएको छ। "बालककी आमा बूढाकी स्वास्नी" (गोपालकृष्ण श्रेष्ठ वर्ष ५९ सँगको अन्तर्वार्ता)। नारी प्राकृतिक गुणले सृष्टिकर्ता मात्र नभई उसको भूमिका बालकका लागि जुन रूपमा ममतामयी छ बृद्धावस्थाको पुरुषलाई पनि बालकवत् सेवा गरी जीवनलाई सहज तुल्याउने भूमिका अन्यबाट निर्वाह हुननसक्ने वैयक्तिक सन्दर्भ यस उखानको अन्तर्वस्तु हो। नारीको व्यक्तिगत भूमिका र त्यागका कारण नै परिवार परिवारका रूपमा अस्तित्वशाली सामाजिक संस्था बनेको विषयलाई प्रस्तुत गर्ने उपर्युक्त उखानले नारीलाई वैयक्तिक दृष्टिले जीवनदायिनी शक्तिका रूपमा स्थापित गरेको छ भने नारीभूमिका विहीन पारिवारिक सम्बन्धमा बाबु बिना सन्तानको भरणपोषण र वृत्तिविकासमा कुनै फरक नपर्ने विषय वैयक्तिक सन्दर्भका रूपमा निम्नलिखित उखानमा प्रस्तुत भएको छ। "बाबु मरे आधा टुहुरो आमा मरे सिङ्गै" (कोमलबहादुर कार्की वर्ष ८० सँगको अन्त्वार्ता)। यस उखानले परिवारको संरचनामा नारीभूमिकाको अपरिहार्यतासँगै त्यसको भरणपोषण र केशल व्यवस्थापनमा नारीको भूमिकालाई अनिवार्य मानेको छ। सामाजिक, सांस्कृतिक र विचारधारात्मक दृष्टिले नारीभूमिका पितृसत्ताको वर्चस्व रहे पनि सन्तानका लागि आमाको त्याग र पारिवारका संरचनालाई केन्द्रीकृत गरी समाज निर्माणमा नारीको आवश्यकता वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत भएको छ।

समाज संरचना र निरन्तरताका लागि नारीपुरुष सहअस्तित्वको अपरिहार्यता टक्सारक्षेत्रका उखानले प्रतिबिम्बन गर्ने वैयक्तिक सन्दर्भ हो। पुरुषको अस्तित्वका लागि नारी नै निर्विकल्य सहयात्री रहेकाले व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनमा पुरुषका लागि नारीभूमिका कस्तो छ भन्ने पक्ष स्वतः सन्दर्भित हुन्छ। "जोई नहुनेको कोही छैन" (दिलबहादुर बानियाँ वर्ष ५७ सँगको अन्तर्वार्ता)। प्रस्तुत उखानमा पुरुषलाई स्वपहिचान दिने भूमिकामा नारीयोगदान वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत भएको छ। एकल पुरुषको अस्तित्व र औचित्यविहीन जीवनलाई साकार र सार्थक तुल्याउन नारीभूमिकाको वैयक्तिक सर्वोच्चतालाई पुष्टि गर्ने यस उखानले समाज, संस्कृति, सत्ता र विचार स्थापनाका लागि नारीका योगदान र तद्विषयक ज्ञानलाई प्रस्तुत गरेको छ। पुरुषका तुलनामा नारी शक्तिशाली भूमिका नारीको हने सन्दर्भलाई वाच्यार्थकै रूपमा प्रस्तुत गर्ने टक्सारक्षेत्रको निम्नलिखित उखानमा नारी सन्दर्भको उत्कर्ष प्रस्तुत भएको छ। "लोग्नेले आँटे वर्षदिन स्वास्नीले आँटे एकै छिन्" (गोविन्द चापागाईं वर्ष ५८ सँगको अन्तर्वार्ता)। पुरुषबाट सम्पन्न गर्ननसक्ने असम्भव कार्य नारीका सामान्य प्रयासबाट सम्भव हुने वाच्यार्थ सम्प्रेषण गर्ने प्रस्तुत उखानमा सामाजिक दृष्टिले नारीको कार्यभूमिका पुरुषका तुलनामा शक्तिशाली रहेको सन्दर्भका माध्यमबाट नारी पुरुषका लागि मात्रै सहयात्री नभई समाजलाई व्यवस्थिति गर्ने सामाजिक समूह रहेको वैयक्तिक सन्दर्भ प्रस्तुत भएको छ।

टक्सारक्षेत्रका उखानमा नारीलाई पुरुषकै तुलनामा सहअस्तित्व र शक्तिशाली देखाउने वैयक्तिक सन्दर्भका अतिरिक्त लैङ्गिक हिंसा तथा पुरुषलाई उच्चस्थानमा राखी नारीलाई कार्य र ज्ञानविहीन वस्तु मान्ने विषय पनि प्रस्तुत भएका छन्। नारीलाई घरभँडुवी, परिवारलाई नियन्त्रण गर्ननसक्ने, बद्नाम गर्ने चेष्टा भएकी व्यक्तित्वका रूपमा चित्रण गर्ने

निम्नलिखित उखानमा वैयक्तिक सन्दर्भ प्रस्तुत भएको छ । "कुबेलाको पानी र घर बिगार्ने स्वास्नीको काम छैन" (दिलबहादुर श्रेष्ठ वर्ष ६७ सँगको अन्तर्वार्ता) । पारिवारिक वातावरणलाई गतिशील तुल्याउनका लागि नारीपुरुष सहअस्तित्व तथा यिनका बीचको पारस्पारिक मेल अपरिहार्य रहे पनि आपसी द्वन्द्व सिर्जना गर्ने कारक नारीलाई मान्ने संस्कृतिको प्रतिबिम्बन भएको यस उखानमा बेमौसमी पानीको तुलना घरभाँड्ने नारीसँग गरी यी दुबैको अनौचित्यका आधारमा वैयक्तिक सन्दर्भको प्रस्तुति भएको छ । नारीलाई पुरुष वर्चस्वको आधीन तुल्याई यिनका प्रत्येक कार्यलाई निरुत्साहित गरी लैङ्गिक विभेदलाई संस्कृतीकरण गर्ने वैयक्तिक सन्दर्भ तथा यसका अन्तर्यमा नेपाली समाजको सामाजिक र सांस्कृतिक अभ्यासको प्रतिबिम्बन निम्न उआनमा भएको छ । "छोरीको जन्म हारेको कर्म" (केशरी घले वर्ष ३५ सँगको अन्तर्वार्ता) । विवाह गरी अर्काको घरमा जानुपर्ने तथा त्यहाँका सम्पूर्ण परिस्थितिलाई आफ्नो मानेर व्यवहार गर्नुपर्ने नारीको वास्तविकता र जीवन सन्दर्भका सम्बन्धको सार प्रस्तुत भएको छ । वैयक्तिक सन्दर्भका रूपमा पारिवारिक सम्बन्ध समान हैसियत भएका परिवारबीच भएमा मात्र त्यसले सिर्जना गर्ने वातावरण मैत्रीपूर्ण हुन्छ भन्ने कथ्यसन्देश प्रस्तुत गर्ने टक्सारक्षेत्रको निम्नलिखित उखानमा अभिव्यञ्जित भएको छ । "मूलको पानी कुलकी छोरी" (तेजबहादुर तामाङ वर्ष ६७ सँगको अन्तर्वार्ता) । समान सामाजिक, आर्थिक र सांस्कृतिक हैसियत भएका पारिवारिक सम्बन्धबाट नै राम्रो पारिवारिक वातावरण बन्ने तथा त्यसका लागि व्यक्ति, परिवार र तिनमा समानता हुनुपर्ने विषयद्योतन गर्ने यस उखानले नारीपुरुष समानतालाई वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत गरेको छ ।

परिवारको निर्माण तथा त्यसलाई गतिशील तुल्याउन नारीपुरुषको समान भूमिका मानव सभ्यता विकासको लामो अभ्यासबाट निर्माण भएको हो । पारिवारिक भूमिकामा लैङ्गक सम्बन्धका आधारमा निर्माण भएका उखानमा छोरा र छोरीमा संस्कार निर्माणका सम्बन्धमा पनि लोकभाष्यको निर्माण भएको छ । पारिवारिक सम्बन्धबाट निर्माण हुने परिवारमा छोराको स्वामित्व बाबुको तथा बुहारीको स्वामित्व आमा अर्थात् सासूको रहने विषयलाई प्रस्तुत उखानले वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत गरेको छ । "सासूले कज्याएकी बुहारी पानीले खाएको खेत" (कोमलबहादुर कार्की वर्ष ८० सँगको अन्तर्वार्ता) । पारिवारिक संरचनामा त्यहाँको संस्कृति र व्यवहारका बारेमा अनुभवी सासूबाट निर्देशित बुहारीले घर गरिखाने विश्वासको अभिव्यञ्जना यस उखानमा प्रस्तुत वैयक्तिक सन्दर्भ हो । यसका अतिरिक्त नारीनारीलाई परस्परमा सत्ताको अभ्यास गराई त्यस समस्याबाट उन्मुक्ति लिने पितृसत्तात्मक विचार पनि यस उखानको वैयक्तिक सन्दर्भमा पाइने मुख्य विषय नै हो । पारिवारिक सम्बन्धमा आलोपालो प्रणालीबाट निर्माण हुने कार्यतालिकामा सँधै सासूकै वर्चस्व रहिरहन्छ भन्ने छैन । बुहारीद्वारा व्यवहारिक पटुतावस् नियन्त्रणमा पुगेकी सासू पनि अधिनस्थ बन्नसक्ने वैयक्तिक सन्दर्भ प्रस्तुत उखानको प्राप्ति हो । "बुहारीले हेपेकी सासूले ढिकीजाँतो गर्नुपर्छ" (पदमबहादुर कार्की वर्ष ५६ सँगको अन्तर्वार्ता) । सत्ता परिवर्तनशील प्रक्रिया रहेकाले यसमा अधिनस्थ समूह पनि शासक समूहमा रूपान्तर हुने विषयलाई दिशाबोध गर्ने यस उखानले बुहारीद्वारा शासित परिवारमा सासूको भूमिका पनि शासकका रूपमा नभई अन्य नै रहने सामाजिक अभ्यासको प्रतिबिम्बन यस उखानमा भएको छ ।

नारीमा शून्य व्यवहारिक ज्ञान र उत्तरदायित्व लिननसक्ने अवस्थाका कारण सृजित लाञ्छनाका साथै नारी किनारामा पर्नुको कारण स्वयम् नारी नै हो भन्ने वैयक्तिक सन्दर्भको प्रस्तुति तलको उखानमा अभिव्यञ्जित भएको छ । उसैकी बुहारी भटमास खाएकी (पदम आले वर्ष ६७ सँगको अन्तर्वार्ता) । व्यक्ति, परिवार वा समाज सञ्चालनका लागि निर्माण भएका सांस्कृतिक अभ्यास तथा त्यसले दिशानिर्देश गरेका मान्यतालाई अवलम्बन गर्नुपर्ने विषय यस उखानमा अभिव्यञ्जित भएको छ । यस उखानले विभिन्न आर्थीतहमा वैयक्तिक सन्दर्भलाई प्रस्तुत गरेको छ भने यसको मूलभूत पक्ष व्यक्तिगत रूपमा बुहारीलाई लाञ्छित गरी पारिवारिक दायित्वबाट टाढा राख्ने प्रपञ्च नै यसको वैयक्तिक सन्दर्भ हो । पितृसत्तात्मक सामाजिक विचारधारा र त्यबाट निर्मित ज्ञानलाई केन्द्रमा राखी निर्माण भएका टक्सार क्षेत्रका उखानमा पुरुषकेन्द्र र नारी किनारामा रहेको वैयक्तिक सन्दर्भ अभिव्यञ्जित छन् । नारीमाथि दमन गर्नका लागि पितृसत्ताले उत्पादन

गरेका ज्ञान तथा तिनमा अवशिष्ट विभेद पनि टक्सारक्षेत्रका उखानमा अभिव्यञ्जित वैयक्तिक सन्दर्भ हो । पुरुषलाई सत्ता र विचारधाराको केन्द्रमा राखी निर्माण भएका ज्ञानको प्रस्तुतिका लागि नारीलाई बिम्ब बनाइ निर्माण भएका उखानको प्रतिनिधित्व निम्नलिखित सन्दर्भले गर्दछ । मर्दका दशओटी (फूलमाया चापागाई वर्ष ८६ सँगको अन्तर्वार्ता) । पुरुषप्रधान समाजमा नारीको सार्विक उपस्थिति वस्तुकै तुलनीय रहेको सन्दर्भलाई सन्दर्भित गर्ने यस उखानले नारी पुरुषका भोगका साधन मात्र रहेको विषय प्रस्तुत गरेको छ । पुरुषलाई जुनसुकै व्यभिचार गर्न छुट रहेको तथा नारीमाथि सौता हाल्न पुरुषलाई कुनै बाधा नरहेको पक्षलाई पृष्ठपोषण गर्ने यस उखानले नारीको दयनीय अवस्थारहेको विषयलाई वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत गरेको छ ।

टक्सार क्षेत्रका उखानमा व्यक्तिको शारीरिक र मानसिक अवस्थासँग सम्बन्धित विषय पनि वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत भएका छन् । व्यक्तिको व्यक्तित्व निर्माणको सबैभन्दा ठूलो बाधक स्वयम्मा रहने आलस्य हो । व्यक्तिमा रहेको आलस्यले नै उसको व्यक्तित्वलाई नष्ट गरी पहिचानविहीन र आलोचित तुल्याउने वैयक्तिक सन्दर्भ निम्नलिखित उखानको अन्तर्वस्तु हो । “जब भयो राति अनि बूढी ताती” (केशरी घले वर्ष ३५ सँगको अन्तर्वार्ता) । कुनै पनि कार्यका लागि निर्धारण भएका समय तथा त्यसको सीमाभित्र गर्नुपर्ने काम नगरी बेला बितेपछि गर्दा तिनको औचित्य नरहने तथा यसको कारक स्वयम् व्यक्ति नै हुने सन्दर्भ यस उखानको कथ्यसन्देश हो । व्यक्तिको शारीरिक र मानसिक आलस्यका कारण मान्छेको अकर्मण्य मूल्याङ्कन हुने वैयक्तिक सन्दर्भ यस उखानमा भएको छ । टक्सारक्षेत्रमा व्यक्तिगत जीवनचेतना तथा त्यसको सामाजिक प्रतिबिम्बन भएका उखानको प्रस्तुतिले वैयक्तिक सन्दर्भलाई पृष्ठपोषण गरेको छ । जीवनमा भएर पनि नहुनुको वस्तुता निम्नलिखित उखानको वैयक्तिक सन्दर्भलाई पुष्टि गर्ने उद्धरण हो । “घरभरि कपडा वीरे नाङ्गै” (रामबहादुर सुन्दास वर्ष ६८ सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानमा आएका सन्दर्भले श्लेषका सन्दर्भबाट नेपाली समाजमा रहेको वर्गीय असमानता तथा जातीय संरचनामाथि प्रकाश पारेको छ भने यसका अन्तर्यमा कार्य र कर्मशील रहेर पनि जीविकोपार्जनका लागि सङ्घर्ष गर्नु पर्ने आमनेपालीको प्रतिनिधि पात्रको वैयक्तिक सन्दर्भ तथा सामाजिक असमानताको यथातथ्य चित्र प्रस्तुत भएको छ । मान्छेलाई सङ्घर्षशील तुल्याउनका लागि त्यसलाई समाज र यसमा स्थापित रहेका हरेका क्रियाकलापका कसीमा घोटेर व्यक्तित्व निर्माणको आधार बनाउन पे्ररित गर्ने वैयक्तिक सन्दर्भ निम्नलिखित उखानको अन्तर्वस्तु हो । “जुत्ता लगाएको गोडो र नानी भनेको छोरो” (कृष्ण श्रेष्ठ वर्ष ५३ सँगको अन्तर्वार्ता) । व्यक्तिको व्यक्तित्व निर्माणका लागि सङ्घर्षको अपरिहार्यतासँग सम्बद्ध संज्ञान अभिव्यक्त यस उखानमा भएको छ । कुनै पनि विषय वा वस्तु प्राप्तिको मार्ग सहज नभई सङ्घर्षबाटै प्राप्त हुने तथा त्यसले नै व्यक्तिको व्यक्तित्वलाई उचाइमा पुऱ्याउने वैयक्तिक सन्दर्भको अभिव्यञ्जना भएको छ ।

टक्सार क्षेत्रका उखानले अभिव्यक्त गरेको वैयक्तिक सन्दर्भ व्यक्ति, व्यक्ति र परिवारको सम्बन्ध, पारिवारिक तथा परिवारको समाजसँगको सम्बन्धका आधारमा निर्माण भएका छन् । परिवार व्यक्तिको केन्द्रीय सत्ताबाट चल्ने सामाजिक संस्था नभई सबै सदस्यको सहकार्य, सहभाव र सहअस्तित्वबाट गतिशील हुने सामाजिक संस्था हो । परिवार सञ्चालनका लागि एककाँधे परिस्थितिको निर्माण भयो भने त्यस परिवारको बहुआयामिक उन्नतिको बाटो त कन्द हुन्छ नै सँगसँगै पारिवारिक संरचना नै सङ्कटमा पर्ने वैयक्तिक सन्दर्भ निम्नलिखित उखानमा भएको छ । “बाह्र छोरा तेह्र नाति” (बखतबहादुर श्रेष्ठ वर्ष ५० सँगको अन्तर्वार्ता) । परिवारका सदस्यले आफ्नो उत्तरदायित्व नबुझ्दा र निर्वाह नगर्दा हुने व्यवहारिक कठिनाई तथा त्यसमा परिवारको ज्येष्ठ सदस्यले अनुभव गर्ने असामान्य परिस्थिति यस उखानमा प्रस्तुत वैयक्तिक सन्दर्भ हो । समाजको स्थापना मानव मानसिकतामा रहेका द्वन्द्वात्मक विचार, परिवेश तथा ज्ञानका समविषम अभ्यासबाट निर्माण भएको हो । समाज विकासका लागि असमान विचारको महत्त्वपूर्ण भूमिकाका साथै यिनका बीचको द्वन्द्व र अन्तर्सङ्घर्ष आवश्यकीय विषय हो । टक्सारक्षेत्रका उखानमा समाजलाई गतिशील तुल्याउनका लागि भिन्न सांस्कृतिक संरचनाको द्वन्द्वात्मक सहभावको अपरियहार्यता पतिपत्नीसम्बन्धमा आधारित वैयक्तिक सन्दर्भद्योतक

निम्नलिखित उखानका माध्यमबाट प्रस्तुत भएको छ । "झगडा गर्नु, टाउको फोर्नु, सुतेपछि जाँघ जोर्नु" (कोमलबहादुर कार्की वर्ष ८० सँगको अन्तर्वार्ता) । पारिवारिक र त्यसमा पनि लोग्नेस्वास्नीबीचको झगडा पारिवारिक नभई व्यक्तिव्यक्तिबीचको मात्र हो । सामाजिक, सांस्कृतिक र व्यवहारिक रूपमा एकअर्काका परिपूरक मानिने सम्बन्ध भएकाले यिनका बीचमा झगडा, द्वन्द्व र सहमति आम विषय रहेकाले यो नितान्त वैयक्तिक विषय रहेको तथ्य यस उखानमा अभिव्यक्त भएको छ भने यो वैयक्तिक सन्दर्भलाई पृष्ठपोषण गर्ने सशक्त आधार पनि हो ।

टक्सार क्षेत्रका उखानमा मान्छे अस्तित्वशाली प्राणी रहेको प्रमाण यसले सर्दव आफूलाई अन्यभन्दा पृथक् देखाउने सन्दर्भ नै हो । मान्छेमा अवशिष्ट अस्तित्वको चेतना नै व्यक्तिको कार्यात्मक भूमिकालाई अन्य व्यक्ति, समाज, संस्कृति वा अभ्यासभन्दा भिन्न तुल्याउने आधार हो । टक्सारक्षेत्रमा प्रचलनमा रहेका उखानले अस्तित्वचेतना व्यक्तिलाई अन्यबाट सम्पृक्त गर्ने आधार भएको वैयक्तिक सन्दर्भको प्रतिबिम्बन गरेको विषय हो । "ईख नभएको मानिस र बिख नभएको सर्प" (गोपालकृष्ण श्रेष्ठ वर्ष ५९ सँगको अन्तर्वार्ता) । व्यक्तिको व्यक्तित्व निर्माणका लागि मान्छेले हण्डरठक्कर खानैपर्न तथा ती ठक्करबाट प्राप्त शिक्षालाई व्यक्तित्व निर्माणका सकारात्मक आधार मान्ने हो भने असफलता भन्ने विषय नै नरहने वैयक्तिक सन्दर्भको अभिव्यक्ति यस उखानको अन्तर्वस्तु हो । समाज एकै स्वरूप र विशेषता भएका काम तथा कार्यपद्धतिबाट सञ्चालन हुने संरचना नभई यसमा एकै उद्देश्य तथा पृथक् उद्देश्यका लागि अनेक प्रकारका कार्यपद्धतिको आवश्यकता तथा त्यसमा व्यक्तिको भूमिका निम्नलिखित उखानमा वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत भएको छ । "जुन जोगी आए नि कानै चिरेको" (दिलबहादुर बानियाँ वर्ष ५७ सँगको अन्तर्वार्ता) । मान्छेका आवश्यकतासँग जोडिएका विविधतापूर्ण पक्ष तथा तिनमा प्राप्ति र अप्राप्तिबीचको द्वन्द्व अनन्त छ । यस उखानमा आफ्ना समस्याको निराकरणका लागि कोही पनि अग्रसर नहुने भएकाले व्यक्तिले नै आफूमाथि आइलागेका सबै विषयको उत्तरदायित्व निर्वाह गर्नुपर्ने वैयक्तिक सन्दर्भ प्रस्तुत भएको छ । टक्सार क्षेत्रका उखानमा आएका वैयक्तिक सन्दर्भ व्यक्ति–व्यक्ति, व्यक्ति–परिवार, व्यक्ति–परिवार–समाजमा भएका सामाजिक–सांस्कृतिक अभ्यासका साथै नारी–पुरुष सम्बन्ध, सहअस्तित्व र सत्तासम्बन्धलाई प्रतिबिम्बन गर्ने विषयमा केन्द्रित रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

**टक्सारका उखानमा भौतिक सन्दर्भ**

भौतिकको तात्पर्य कुनै पनि विषयको इन्द्रियग्राह्य उपस्थिति हो । वस्तुजगत्का प्रत्येक संरचनालाई मानवीय इन्द्रियले अनुभूति गर्नु तथा त्यसका विषयमा अवधारणाको निर्माण गर्नु भौतिक वस्तुप्रतिको दृष्टिकोण हो भने सङ्कथन अध्ययनमा वस्तु र जविनजगत्प्रतिका दृष्टिकोण कुन रूपमा प्रस्तुत भएका छन् अथवा तिनलाई मान्छेको चेतनाले कुन रूपमा ग्रहण गरी कसरी तिनका बारेमा निर्मित अवधारणालाई प्रस्तुत गरेको छ भन्ने पक्षको अध्ययन नै हो । टक्सारका उखानमा नेपाली परिवेश र जनजीवनसँग सम्बन्धित यथार्थको वस्तुपरक चित्रण भौतिक सन्दर्भका रूपमा भएको छ । भौतिक पक्षको यथातथ्य विषयलाई प्रतिबिम्बन गर्ने उखानले वैयक्तिक, पारिस्थितिक र संज्ञानात्मक सन्दर्भलाई पनि विषयनिष्ठ सङ्केत गरेका छन् । नेपाली समाजमा प्रचलित काम गर्ने तर त्यसको अस्तित्वलाई नामेट तुल्याउने भौतिक सन्दर्भको प्रस्तुति निम्नलिखित उखानले गरेको छ । "हिँड्दैछ पाइला मेट्दै छ" (केशरी घले वर्ष ३५ सँगको अन्तर्वार्ता) । मान्छेको गतिशीलता र त्यससँग सम्बन्धित ज्ञानलाई प्रस्तुत गर्ने यस उखानमा मान्छेको कार्यशैलीका आधारमा देखिने अकर्मण्यता र त्यसको परिणाम प्रस्तुत गरेको छ भने यो समाजको भौतिक पक्षलाई प्रष्ट्याउने सन्दर्भ हो । समाज र सामाजिक गतिविधिका मौसकी कार्यतालिका तथा त्यहाँ गरिने कार्यको संश्लेषण गरी निर्माण भएका टक्सारका उखानमा असार महिनाको महत्त्व र त्यसले जनजीविकाका विषयमा निर्माण गरेको भौतिक सन्दर्भ निम्नलिखित उखानले गरेको छ । "असारको पैँचो असारमै तिरौँला" (अमृत तामाङ वर्ष ४८ सँगको अन्तर्वार्ता) । "मानु खाएर मुरी उब्जाउने बेला" (गोविन्द चापागाईं वर्ष ५८ सँगको अन्तर्वार्ता) , "असारको पन्ध्र" (बलराम कार्की वर्ष ६८सँगको अन्तर्वार्ता) । कृषिप्रधान देश

नेपालको आर्थिक आधार र त्यसमा श्रमको मूल्यलाई प्रस्तुत गर्ने उपर्युक्त उखानले नेपाली समाजको श्रमसंस्कृति र यसका विषयमा स्थापित मान्यतालाई भौतिक सन्दर्भका रूपमा प्रस्तुत गरेको छ ।

समाजमा घट्ने घटना तथा पूर्वानुमानका आधारमा तिनको सत्यापन गर्ने पद्धति टक्सार क्षेत्रका उखानमा प्रतिबिम्बन भएको छ भने ती भौतिक सन्दर्भ प्रस्तुतिका आधार हुन् । कुनै पनि विषय वा कार्यका आधारमा भइसकेका घटनालाई आधार मानी वर्तमानमा तिनको पुष्टि वा सम्बन्धलाई प्रस्तुत गर्ने टक्सारका उखानमा भौतिक सन्दर्भ निम्नलिखित कथ्यको मुख्य विषय हो । हावा नचली पात हल्लँदैन (पदमबहादुर कार्की वर्ष ५६ सँगको अन्तर्वार्ता) । कार्यका लागि कारण तथा यी दुईको अन्वयबाट निर्माण हुने घटना, घटना हुनुको आधार, घटनासँग सम्बन्धित व्यक्तिको संलग्नता, त्यही व्यक्ति नै किन त्यस घटनासँग सम्बन्धित छ भन्ने पक्षको न्यायोचित् विषयको प्रस्तुति यस उखानको भौतिक सन्दर्भ हो । कथ्यसन्देशमा कार्य र कारणको सम्बन्धबाट निर्माण हुने घटना तथा त्यसको यथार्थपरक विश्लेषण टक्सारक्षेत्रका उखानको भौतिक सन्दर्भगत प्राप्ति हो । कार्य र कारण सम्बन्धका आधारमा गतिक सन्दर्भलाई प्रस्तुत गर्ने निम्नलिखित उद्धरणको कथ्यसन्देश हो । ताउलो तातेर के गर्नु बिँड नतातेपछि (ऐजन) । कार्य तथा त्यसको परिणामप्रति व्यक्तिको उत्तरदायित्वमा आएको निराशाका कारण उत्पन्न विषमस्थिति उपर्युक्त उखानको अन्तर्वस्तु हो । कार्य नगरी प्राप्तिको अपेक्षा गर्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्यका साथै कर्मविहिन मान्छेले प्राप्त गर्ने विषय नै रिक्तता वा रित्तो हात हो भन्ने भौतिक पक्षको प्रबोधन निम्नलिखित उखानमा भएको छ । अल्छे तिघ्रो स्वादे जिभ्रो (बलराम कार्की वर्ष ६८सँगको अन्तर्वार्ता) । टक्सार क्षेत्रका उखानमा मान्छेले न्यूनतम आवश्यकताको परिपूर्तिका लागि गरिने काममा समेत देखाउने उदासीनताका बीच आफूलाई अकर्मण्यताका बीच देखाउने सर्वाच्चताबीच कार्यकारण सम्बन्ध नरहने विषयको संज्ञान भौतिक सन्दर्भका माध्यमबाट अभिव्यक्त भएका छन् ।

निश्चित घटना निर्माणमा कार्यकारण सम्बन्ध तथा त्यसको परिणाम प्राप्त हुने विषय पनि भौतिक सन्दर्भ निर्माणका आधार हुन् । कुनै पनि कार्य हुनका लागि कारणको आवश्यकतालाई अपरिहार्य मानिने लोकविश्वास तथा त्यसले निर्माण गर्ने भौतिक सन्दर्भ निम्नलिखित उखानको अन्तर्वस्तु हो । ओइरो बिना पहिरो चल्दैन (रामकाजी कार्की वर्ष, ४६ सँगको अन्तर्वार्ता) । केही हुनका लागि त्यसका पछाडि निश्चित विषयसत्ता हुनै पर्दछ । आधार बिना कुनै पनि सन्दर्भको उठान हुननसक्ने पक्षलाई पृष्ठपोषण गर्ने यस उखानमा कुनै पनि परिणाम प्राप्तिका लागि त्यससँग सम्बद्ध कार्यको आवश्यकता र औचित्यको पुष्टि हुने आर्थी सन्दर्भ प्रस्तुत भएको छ । जैविक चक्रअनुसार मृत्युको अनिवार्यतालाई मध्यनजर गरी मान्छेका मानसिकतामा उत्पन्न हुने निराशा अभिधार्थमा अभिव्यक्त हुने अभिलक्षण टक्सार क्षेत्रका उखानमा छँदैछ भने जति कर्म गरे पनि त्यसको यथोचित् फ प्राप्ति नहुँदाको निराशा निम्नलिखित उखानको विषयगत प्राप्ति हो । मरेपछि डुमै राजा (ऐजन) । मान्छेले अतिशय प्रयास गर्दा पनि शून्यता हात लाग्ने भौतिक सन्दर्भ प्रस्तुत उखानको अन्तर्वस्तु हो । यसका अतिरिक्त हुँदै नहुनुभन्दा केही हुनुको महत्त्व अत्यधिक रहने भौतिक सन्दर्भ निम्नलिखित उखानमा भएको छ । नामर्दकीको जोइभन्दा मर्दकी कमारी हुनु बेस (फूलमाया चापागाईं वर्ष ८६ सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानले नारीलाई वस्तुका रूपमा उपभोग गर्ने ज्ञानबाट नारी दमन गरेकै आधारमा सँधै आफूलाई एक पुरुषकै आधीन नभई आवश्यकताअनुसार विद्रोही बन्नसक्ने विषयसहित प्रतिकार गर्नसक्ने पक्ष भौतिक सन्दर्भका रूपमा प्रयोग भएको छ ।

टक्सार क्षेत्रका उखानमा मानवलाई प्रभावित तुल्याउन आन्तरिक र बाह्य दुबै परिस्थितिको समानान्तर भूमिका रहने पक्ष पनि भौतिक सन्दर्भका रूपमा आएका छन् । कुनै पनि कार्यप्रतिको चिन्ता वा त्यसका विषयमा हुने चिन्तनका कारण उत्पन्न परिस्थिति भौतिक सन्दर्भ निर्माणका कारक हुन् मान्छेको मानसिकतामा रहेका मानसिक डरको पर्यावरण भौतिक सन्दर्भका रूपमा निम्नलिखित उखानमा प्रस्तुत भएको छ । वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ (पदम आले वर्ष ६७ सँगको अन्तर्वार्ता)। मान्छेमा सृष्टि कालदेखि नै काम, क्रोध, लोभ, मोह, मात्सर्य, भय, मैथुनजस्ता

वृत्ति क्रियाशील छन् । मान्छेको भौतिक उपस्थितिलाई साकार रूप दिने यी वृत्तिको सकारात्मक र नकारात्मक दुवै चेतनाको संयोजनका कारण मान्छे मानसिक रूपमै भय र त्रासको सिकार बन्ने विषय यस उखानमा प्रतिबिम्बन भएको छ । उखानमा अभिव्यक्त भौतिक सन्दर्भका रूपमा असम्भव विषयको परिकल्पना पनि हो । आकाशको फल आँखातरी मर (ऐजन) । प्रस्तुत उखानमा असम्भव परिकल्पनाका कारण सृजित प्रतिकूलता अर्थात् नहुने विषयप्रातिको आकर्षण दुःखको कारक बन्ने दृष्टान्त भौतिक सन्दर्भका रूपमा प्रस्तुत भएको छ । कार्य भएसकेपछि त्यसका विषयमा हुने विमर्श र निकालिएको निष्कर्ष औचित्यविहीन हुने विषय पनि टक्सार क्षेत्रका उखानमा अभिव्यक्त भौतिक सन्दर्भ हो । उम्केको माछो ठूलो (रामकाजी कार्की वर्ष ४६ सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानले कार्य भई त्यसको पलासमेत प्राप्ति भइसकेको सन्दर्भ तथा आफ्नो पक्षमा परिणाम नआई सामान्य प्रयासबाट ती परिणाम आफ्नै पक्षमा आउने विषयप्रतिको मानसिकता भौतिक सन्दर्भ प्रस्तुतिको आधार हो ।

नेपाली समाजमा जाति, वर्ग, क्षेत्र, लिङ्ग तथा यसका अभ्यन्तरमा विभिन्न भौतिक समूह र उपसमूह क्रियाशील छन् । समाजका क्रियाशील भौतिक समूहका विषयमा निर्माण भएका ज्ञान तथा अवधारणा टक्सार क्षेत्रका उखानमा अभिव्यञ्जित सन्दर्भले सामाजिक संरचनामा अभ्यासमा रहेका सांस्कृतिक पक्षका साथै तिनका सम्बन्धमा निर्माण भएका विश्वासले यस क्षेत्रका उखानको भौतिक पक्षलाई प्रतिबिम्बित गर्दछन् । समाजमा रहेको पक्षधरताका आधारमा भौतिक सन्दर्भको अभिव्यक्ति निम्नलिखित उखानमा भएको छ । कसैलाई काखा कसैलाई पाखा (तेजबहादुर तामाङ वर्ष ६७) सँगको अन्तर्वार्ता) । समाजमा प्रचलित संस्कृतिअनुसार सबैमा समान व्यवहार गरिनुपर्ने दायित्वभन्दा पृथक् एक पक्षधरता र एकल न्यायप्रतिको प्रतिरोध व्यक्त भएको यस उखानले नेपाली समाजमा भएका विभेदकारी अभ्यासलाई भौतिक सन्दर्भका रूपमा प्रस्तुत गरेको छ । सांस्कृतिक तथा भावात्मक दृष्टिले आमा र मातृत्वको महत्त्वका माध्यमबाट भौतिक सन्दर्भको उद्बोधन निम्नलिखित उखानमा भएको छ । अरुको लाख आमाको काख (ऐजन) । आमा सापेक्ष स्नेह तथा वात्सल्यकी प्रतिमूर्ति हुन् भन्ने पक्षको पृष्ठपोषण र अनुभूतिका लागि आमाको भौतिक उपस्थिति तथा सबैलाई समान न्याय र ममता दिने क्षमताका कारण आमा पुज्य रहेको अभिप्राय प्रस्तुत गर्ने यस उखानमा सन्तानका लागि आमाको औचित्य र महत्त्व भौतिक सन्दर्भका रूपमा प्रस्तुत भएको छ ।

टक्सार क्षेत्रका उखानमा मान्छेमा अवशिष्ट अनुदार चरित्र र विशेषताका कारण लोप हुँदै गएको मानवीयता तथा गुणका अनुकम्पालाई बिर्सिएर आफ्नो स्वार्थका लागि लागिपरेको मान्छेको वास्तविकता भौतिक सन्दर्भका रूपमा प्रस्तुत भएका छन् । मान्छेमा विकसित गुणग्राहिताका कारण उत्पन्न परिस्थितिप्रतिको व्यङ्ग्यका साथै त्यसको वास्तविकता निम्नलिखित उखानमा अभिव्यञ्जित भएको छ । काँक्रालाई थाङ्ग्रो हाल्यो थाङ्ग्रै धनी (दिलबहादुर बानियाँ वर्ष ५७ सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानमा काँक्रालाई थाङ्ग्रो हाल्नुको तात्पर्य सहाराविहीनलाई सहारा दिनु नै हो । गुणलाई खाएर त्यसैका विरुद्धमा लाग्ने अथवा गुणग्राहितालाई संस्कृतीकरण गर्ने प्रवृत्तिले समाजमा मानवीय पक्षलाई उपहास गरिरहेको भौतिक सन्दर्भको प्रस्तुति यस उखानको अन्तर्वस्तु हो । समाजमा कमजोर व्यक्तिको अस्तित्वलाई स्वीकार नगर्ने संस्कृति र त्यसका सम्बन्धमा निर्माण भएका ज्ञानका कारण उत्पीडनमा परेको विषय निम्नलिखित उखानमा अभिव्यक्त भएको छ । कानो गोरुलाई औंशी न पुर्ने (ऐजन) । समाज सञ्चालनका लागि सुदीर्घ सामाजिक अभ्यासबाट समाज सञ्चालनका लागि निश्चित नियम तथा सर्वमान्य मान्यताका आधारमा सांस्कृतिक कानुनको निर्माण गरेको छ । यही सांस्कृतिक कानुनका आधारमा निर्माण भएको विश्वासका आधारमा फरक क्षमता भएका विकलाङ्गप्रतिको दृष्टिकोणमा देखिने अनुदारता तथा ती सांस्कृतिक मूल्यसापेक्ष रहन तथा व्यवहार गर्ननपाउने सामाजिक अभ्यास प्रस्तुत उखानले अभिव्यक्त गर्ने भौतिक सन्दर्भ हो ।

टक्सार क्षेत्रका उखानमा नेपाली समाजमा रहेका सामाजिक ज्ञान तथा अभ्यासले भौतिक सन्दर्भ निर्माणका लागि ठोस आधार प्रदान गरेका छन् भने तिनमा अवशिष्ट संज्ञानले तिनलाई विश्वशनीय र बैध तुल्याउन मार्गप्रशस्त गरेको छ। यस क्षेत्रका उखानमा व्यक्ति आफ्नै चरित्रका कारण सङ्कुचित व्यक्तित्व लिएर बाँच्न बाध्य हुनुपर्ने भौतिक सन्दर्भ निम्नलिखित उखानमा अभिव्यक्त भएको छ । किन चाउरिस मरिच आफ्नै रागले (बखतबहादुर श्रेष्ठ वर्ष ५० सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानमा मरिच चाउरिनुको कारण बाह्य नभई आन्तरिक हो भन्ने दृष्टान्तका माध्यमबाट मान्छेलाई मानवीय व्यक्तित्वबाट विमुख गर्ने कारक अन्य व्यक्ति, समुदाय, समाज वा संस्कृति नभई स्वयम् नै हो भन्ने भौतिक सन्दर्भ अभिव्यञ्जित भएको छ । समाजले व्यक्तिसापेक्ष गरिने कार्य, कर्तव्य तथा उत्तरदायित्व निर्धारण गरेको छ भने यिनै विषयका कारण सामाजिक क्रियाकलापमा सहिष्णुता र स्थिरता स्थापित छ। व्यक्तिका लागि निर्माण भएको अलिखित आचारसंहिता विपरीत कार्यलाई स्थापित मान्यताकै आधारमा अवलम्बन गरे मात्र व्यक्तिले सही व्यक्तित्व प्राप्त गर्ने भौतिक सन्दर्भको प्रस्तुति निम्नलिखित उखानमा भएको छ। काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर (ऐजन)। प्रस्तुत उखानमा मान्छेले कर्तव्यबोध गरी आफ्ना कार्यलाई समाजले निर्माण र निर्धारण गरेका विधि र प्रक्रिया अवलम्बन गरी सार्थक र औचित्यपूर्ण तुल्याउनु पर्ने विषयनिर्देश भएको छ। बिना पद्धति र प्रक्रियालाई आधार मानी गरिएका कामको अनैचित्य पक्षलाई भौतिक सन्दर्भका रूपमा प्रस्तुत भएको यस उखानमा जुनसुकै कामको औचित्य प्रमाणित हुनका लागि त्यसको विधि र प्रक्रियाको अनिवार्यतामाथि जोड दिएको छ।

समाजको औचित्यलाई स्थापित गर्ने मुख्य कारक यसको व्यवहारिक सहअस्तित्व र परस्परमा हुने विश्वास हो। समाज पारस्परिक विश्वास र सहअस्तित्वबाट सञ्चालित रहेको भौतिक सन्दर्भ निम्नलिखित उखानको अन्तर्य हो। जोगी देखे भैंसी डर भैंसी देखे जोगी डर (कालिदास चापागाईं वर्ष ६७ सँगको अन्तर्वार्ता)) । प्रस्तुत उखानले जोगी र भैंसी बिम्बका माध्यमबाट एकआपसको विश्वास र निर्भरताका कारण समाज स्थिर र गतिशील रहेको कथ्यसन्देशका माध्यमबाट भौतिक सन्दर्भलाई प्रस्तुत गरेको छ।  जीवनजगत्का रहेका सम्पूर्ण गतिशील प्राणीको आफ्नै जिजीविषाको शैली हुन्छ। जुन जीव जुन परिवेशमा जन्मन्छ, हुर्कन्छ त्यसलाई त्यही परिवेश प्रीतिकर लाग्ने भौतिक सन्दर्भको प्रस्तुति निम्नलिखित उखानको अन्तर्वस्तु हो। वनको चरो वनैमा रमाउँछ (हेमबहादुर राई वर्ष ४३ सँगको अन्तर्वार्ता) । प्राणी जीवित रहनका लागि आवश्यक पर्ने भौतिक वातावरण तथा त्यसप्रति मान्छेको भावनात्मक सम्बन्ध यस उखानको कथ्यसन्देश हो । उखान अभिव्यक्तिगत तीक्ष्णताका आधारमा सूक्ष्म संरचना भएर पनि सामाजिक विश्वास र मान्यताको सिङ्गो सङ्कथनलाई अभिव्यक्त गर्ने विषय हुन्। भीरको चिन्डो उँधो न उँभो (ऐजन)। सामाजिक मूल्य, मान्यता, विश्वास, प्रथा, प्रणाली विपरीत आपूलाई सञ्चालन गर्ने मान्छेको अवस्थालाई भीरको चिन्डो बिम्बका माध्यमबाट प्रस्तुत गर्ने यस उखानमा मान्छेका लागि निर्माण भएका आचारसंहिता र अनुशासनका नियमलाई अवलम्बन गर्नुपर्ने मानवीय दायित्वप्रति सचेत हुनुपर्ने कथ्यसन्देशको प्रस्तुतिका लागि भौतिक सन्दर्भ माध्यमका रूपमा प्रस्तुत भएको छ।

टक्सार क्षेत्रका उखानले भौतिक सन्दर्भका रूपमा मानवीय अवस्था तथा त्यसले निर्धारण गरेका अर्थसन्दर्भलाई प्रस्तुत गरेको छ । निरन्तर कार्यले प्राप्त गर्ननसकेको कारण तथा निरन्तर सङ्घर्षबाट पनि परिवर्तन हुननसकेको यथास्थितिको अभिव्यक्ति यस क्षेत्रका उखानको भौतिक सन्दर्भगत प्राप्ति हो। निरन्तरको कार्यबाट पनि अपरिवर्तनीय रहेको भौतिक सन्दर्भ निम्नलिखित उखानमा प्रस्तुत भएको छ। रातभरि रुँग्यो बूढी ज्यूँदै (कोमलबहादुर कार्की वर्ष ८० सँगको अन्तर्वार्ता)। मान्छेका सिर्जनात्मक क्रियाकलापमा निरन्तरताका बीच पनि यथास्थितिमै रहनु पर्दाको अवस्थाद्योतक यस उखानमा परिवर्तनका लागि अवलम्बन भएका सबै कार्यको परिणामविहीनता भौतिक सन्दर्भका रूपमा अभिव्यक्त भएको छ। समयको परिवर्तनीय विशेषताका आधारमा अनुमान र विश्वास गरी निर्माण भएका अवधारणा विपरीत नतिजा निस्कँदा मान्छेका मानसिकतामा आउने निराशा, कुण्ठा वा कतिपय कार्य गर्ने, गराउने वा गरिरहने प्रक्रियालाई निरन्तर रूपमा अवलम्बन गरे पनि कार्य र प्रयोजनभन्दा विपरीत नतिजा आउने भौतिक सन्दर्भको प्रस्तुति पनि टक्सारका उखानले संवहन

गरेको प्रमुख सन्दर्भ क्षेत्र हो । प्राकृतिक विधानका आधारमा मान्छेका लागि सामाजिक कार्य सम्पादन गर्ने अवधि निर्धारित छन् । समयका आधारमा निर्धारण भएको परिधिभित्र रही गरेका कार्यको मात्र औचित्य स्थापित हुने भौतिक सन्दर्भको प्रस्तुति भएको निम्नलिखित उखानले निर्धारित समयभन्दा बाहिर गरिने कामको उपादेयताविहीन सन्दर्भलाई पुष्टि गरेको छ । अँध्यारोको काम खोलाको गीत (हेमबहादुर राई वर्ष ४३ सँगको अन्तर्वार्ता) । कर्म र त्यसको परिणाम प्राप्तिका लागि निश्चित अवधिको व्यवस्था समयचक्रका साथै प्राकृतिक रूपमा निर्धारण भएका विषय हुन् । जुनसुकै कामको निश्चित प्रयोजन हुने भएकाले तिनलाई त्यसकै समयसीमाभित्र गरेमा काम तथा प्रयोजनले सार्थक आकार लिने भौतिक सन्दर्भ यस उखानको अन्तर्वस्तु हो । उखान मुख्य रूपमा जीवनजगतका सम्बन्धमा मानव समुदायले गर्ने लामो अनुभव तथा ती अनुभवका सम्बन्धमा निर्माण भएका विविध ज्ञानको सारस्वरूप निर्माण भएका मौखिक सङ्कथन हुन् । उखानले व्यक्तिभन्दा पृथक् समाज र संस्कृतिको सुदीर्घ परम्परामा अवशिष्ट ज्ञान तथा यससँग सम्बन्धित सभ्यतालाई समेत प्रतिबिम्बन गर्ने भएकाले यो भौतिक परिवेशभन्दा बाहिरको सन्दर्भलाई प्रस्तुत गर्ने सङ्कथन नभई समाज र यसका गतिविधिलाई जस्ताको तस्तै प्रस्तुत गर्ने कथ्य हुन् । नेपाली समाजमा रहेका भौतिक पक्षलाई यथातथ्य प्रस्तुत गर्ने टक्सार क्षेत्रका उखानले यसका स्थानिक परिवेशलाई भौतिक सन्दर्भका रूपमा प्रस्तुत गरेका छन् भने यिनको सार्विक विशेषता नेपाली उखानले सन्दर्भित गरेको अर्थसँग मिल्ने प्रकृतिको निष्कर्ष प्राप्त गर्नसकिन्छ । टक्सार क्षेत्रका उखानमा प्रतिबिम्बन भएका भौतिक सन्दर्भसँगै यसमा अभिव्यक्त पारिस्थितिक सन्दर्भ पनि अध्ययनीय विषय हो ।

### टक्सारका उखानमा पारिस्थितिक सन्दर्भ

उखानले प्रतिबिम्बन गर्ने मूलभूत पक्ष व्यक्तिको व्यक्तिगत, समाजको यथातथ्य विषयका अतिरिक्त व्यक्तिगत, सामाजिक, सांस्कृतिक र संज्ञानात्मक परिस्थितिलाई संश्लेषण गरेको छ । टक्सार क्षेत्रका उखानमा मानवीय स्वभाव, स्थानिक परिवेश तथा यहाँ भएका वस्तुताको प्रतिबिम्बन पारिस्थितिक सन्दर्भका रूपमा अभिव्यक्त भएको छ । मान्छेका मानवीय प्रवृत्तिलाई शास्त्रोक्त कथनमा उद्धृत सन्दर्भका साथै सामजिक अभ्यासको निरन्तरता स्वरूप आएका हृदयस्पर्शी महावाक्यका रूपमा यस क्षेत्रका उखानको पारिस्थितिक सन्दर्भ निर्माण, विस्तार र प्रयोगमा रहेको छ । शास्त्रीय कथानको निरन्तरता स्वरूप सृजित निम्नलिखित उखानले पारिस्थितिक सन्दर्भलाई प्रतिबिम्बन गरेको छ । अगस्तीको पेट भर्न सकिन्न (गोपालकृष्ण श्रेष्ठ वर्ष ५९ सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानले मान्छेमा रहेको भ्रष्ट तथा व्यक्तिकेन्द्री विषयका माध्यमबाट व्यक्तिको चारित्रिक विशेषतालाई प्रस्तुत गरेको छ । वर्तमान मान्छेमा रहेको स्वार्थ र व्यक्तिकेन्द्री मानसिकतालाई प्रतिबिम्बित गर्ने यस उखानले व्यक्तिगत स्वार्थ र त्यसबाट प्रेरित कार्यशैलीका माध्यमबाट मानवीय सोच कुन मार्गतर्फ प्रवृत्त छ भन्ने परिस्थितिलाई सन्दर्भित गरेको छ । समाज विविधताको संयोजनबाट निर्मित केन्द्र हो भने केन्द्रसँग निकटवर्ती परिवेश र त्यहाँको परिस्थिति किनारामा रहने आर्थी सन्दर्भ निम्नलिखित उखानमा अभिव्यक्त भएको छ । बत्तीमुनि अँध्यारो (ऐजन) । टक्सार क्षेत्रमा प्रचलनमा रहेको प्रस्तुत उखानले समाजोपयोगी ज्ञाननिर्माण गरे पनि त्यसको पालना ज्ञानको प्रसारण गर्ने समुदायबाट हुनु तथा समाजमा रहेको विभेदजन्य मानसिकताका कारण सृजित विषमतालाई सन्दर्भित गरेको छ । नेपाली समाजमा रहेको विविधतालाई स्वार्थका लागि प्रयोग गर्ने तथा त्यसलाई व्यक्तिगत एषणापूर्तिको माध्यम बनाउने आर्थीसन्दर्भ यस उखानको अभ्यन्तरमा अवशिष्ट यथार्थ हो भने एकपटक ठक्कर खाएको व्यक्ति त्यही कारणलाई स्मरण गरी सचेत बन्ने पारिस्थितिक सन्दर्भ निम्नलिखित उखानमा भएको छ । अगुल्टाले हानेको कुकुर बिजुली चम्किँदा तर्सिन्छ (फूलमाया चापागाईं वर्ष ८६ सँगको अन्तर्वार्ता) । मान्छेले जुनसुकै कार्य चैतन्यबाट निर्देशित भएर नै सम्पन्न गर्दछ भने कामका सन्दर्भमा भएका त्रुटिलाई संज्ञानका रूपमा लिई स्वयम्लाई परिमार्जन गर्ने पारिस्थितिक ज्ञान प्रस्तुत उखानको मूलभूत प्राप्ति हो । समाज द्वन्द्वात्मक विषय, विचार र सन्दर्भले सिर्जना गर्ने सन्दर्भबाट गतिशील रहने विषय निम्नलिखित उखानमा अभिव्यक्त भएको छ । आगो पनि नठोसी बल्दैन (ऐजन) । यस उखानमा पारिस्थितिका सन्दर्भका रूपमा समाजमा रहेका द्वन्द्वत्मक सम्बन्धबाट निर्मित संस्कृति नै समाज निर्माण र सञ्चालनको

आधार रहेकाले यसको सञ्चालन र गतिशीलताका लागि पारस्परिक अन्तक्रियात्मक अपरिहार्यतालाई दिशाबोध गरेको छ ।

टक्सार क्षेत्रका उखानमा अभिव्यक्त पारिस्थितिक सन्दर्भ प्रस्तुतिको एक आधार व्यक्ति र समाजसँगको सम्बन्ध पनि हो । मानवीय आवश्यकतासँग जोडिएका विविध सन्दर्भ यस क्षेत्रका उखानमा अभिव्यञ्ति प्रमुख सन्दर्भ हो । मान्छेमान्छे बीच सम्बन्ध जोड्ने आधार पारस्परिक सम्बन्ध मात्र नभई सामाजिक संस्कृतिसँगको आबद्धता पनि हो । असमान सामाजिक संरचना रहेको नेपाली समाजको प्रतिनिधित्व टक्सार क्षेत्रले पनि गर्दछ भने यही असमानताका कारण सृजित पारिस्थितिक सन्दर्भ निम्नलिखित उखानमा अभिव्यञ्जित भएको छ । भोको भन्छ डाँडावारि खाउँ, अघाएको भन्छ डाँडापरि खाउँ (दिलबहादुर श्रेष्ठ वर्ष ६७ सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानले असमान सामाजिक संरचनामा असमान वर्गीय चरित्रलाई प्रतिबिम्बन गरेको छ । आवश्यकताका सामु निरिह मान्छेका लागि त्यसको परिपूर्ति पहिलो आवश्यकता हो भने आवश्यकताविहीन मान्छेमा त्यसको प्रभाव कमजोर अथवा शून्य अवस्थामै रहन्छ भन्ने पारिस्थितिक सन्दर्भ यस उखानको अन्तर्वस्तु हो । साािजिक व्यवहारमा कुनै पनि विषयप्रतिको अधिक आकर्षण विकर्षणको आधार रहने पारिस्थितिक सन्दर्भ निम्नलिखित उखानमा भएको छ । अघाएपछि गुँड पनि तितो (ऐजन) । प्रस्तुत उखानले कुनै वस्तुको प्रयोजन समाप्त भएपछि त्यो वस्तु वा विषयको प्रभावहीनतालाई प्रस्तुत गरेको छ । मान्छे अन्य प्राणीभन्दा भिन्न हुने मुख्य आधार चेतना रहेकाले मान्छे जस्तोसुकै परिस्थितिलाई अनुकूलन गरी बाँचनसक्ने पारिस्थितिक सन्दर्भ निम्नलिखित उखानमा भएको छ । अन्धाको देशमा आँखा चिम्लनु खोरन्डाका देशमा खुट्टा खोच्याउनु (ऐजन) । जहाँ जुन विषयको प्राधान्य छ त्यहाँ त्यसको अस्तित्वलाई अस्वीकार गरी चल्ननसक्ने अवस्थालाई सन्दर्भित गर्ने प्रस्तुत उखानले आफूलाई परिस्थितिअनुसार रूपान्तर गर्ने मान्छे नै वास्तविक ज्ञानको पक्षधर हो भन्ने पारिस्थितिक सन्दर्भलाई अभिव्यक्त गरेको छ । टक्सार क्षेत्रका उखानमा हुँदै अज्ञानताबीच पनि सर्वज्ञाताको अभिनय गर्ने पारिस्थिति निम्नानुसार अभिव्यक्त भएको छ । नमच्चिने पीङका सय झड्का (ऐजन) । यसका अतिरिक्त केही नहुनेले सबैथोक आफैंमा छ भन्ने शठता उपर्युक्त उखानका अन्तर्यमा प्रस्तुत भएको पारिस्थितिक सन्दर्भ हो

टक्सार क्षेत्रका उखानमा व्यक्तिको निर्णयका कारण सृजित प्रतिकूलता र त्यसले सिर्जना गर्ने मानव नियतिका विषय पारिस्थितिक सन्दर्भका रूपमा प्रस्तुत भएका छन् । सुख प्राप्तिको लालसाका कारण आफ्नो चयन नै गलत भएको पारिस्थितिक सन्दर्भ निम्नलिखित उखानमा अभिव्यक्त भएको छ । कामका दुःखले जोगी भएथैँ जोगी भाको भोलिपल्ट भोकै मरेथैँ (रामबहादुर सुन्दास वर्ष ६८ सँगको अन्तर्वार्ता) । जीवन सङ्घर्ष र त्यसबाट प्राप्त परिणामको संयोजन रहने यथार्थबाट पलायन भई व्यक्तिने गर्ने चयन नै गलत सावित भएपछि मान्छेले व्यहोर्नु पर्ने दुखान्त परिस्थितिको प्रस्तुति प्रस्तुत उखानको अन्तर्वस्तु हो । यस क्षेत्रका उखानले असावधानीका कारण सृजित प्रतिकूलता पारिस्थितिक सन्दर्भका रूपमा निम्नलिखित उखानमा प्रस्तुत भएको छ । सबै दिन स्याहार चोर आउने दिन बेस्याहार (ऐजन) । प्रस्तुत उखानले जुनसुकै कार्य सम्पादन गर्दा पनि विशेष सावधानी अपनाउनुपर्ने कथ्यसन्देश प्रस्तुत गरेको छ । मान्छेको असावधानीका कारण घट्ने घटनाको कारक स्वयम् मान्छे नै हुने पारिस्थितिक सन्दर्भको प्रस्तुति यस उखानले प्रतिबिम्बन गरेको प्रमुख आर्थीसन्दर्भ हो । समाज एकव्यक्ति वा पारिवारिक संरचना नभई द्वन्द्वात्मक विचारको संयोजनबाछ निर्माण हुने विषय रहेकाले यसमा रहने प्रत्येक एकाइको समानान्तर भूमिका, क्रियाशीलता र विचार समान रूपमा शक्तिशाली रहने पारिस्थितिक सन्दर्भ निम्नलिखित उखानमा भएको छ । ज्यूँदाको जन्ती मर्दाको मलामी (ऐजन) । समाज निर्माणका लागि पारस्परिक सम्झौता र सहकार्यको आवश्यकतालाई प्रस्तुत गर्ने यस उखानमा सामाजिक सहकार्य नै विकसित समाज निर्माणको आधार रहने पारिस्थितिक सन्दर्भको प्रस्तुति भएको छ । समाज र व्यक्तिबीचको सम्बन्ध निर्माण गर्ने आधार अवसर हो । समाजले व्यक्तित्व विकासका लागि सबैलाई समान अवसर दिए पनि कतिपय कार्य च्याँखे थाप्ने अभिवृत्तिबाट निर्देशित रहने पारिस्थितिक सन्दर्भ निम्नलिखित उखानमा भएको छ । आए आँप गए झटारो (ऐजन) । कार्य–कारण सम्बन्धका आधारमा

भए नभएको समान परिस्थितिको अभिव्यक्ति यस उखानको आर्थी अभिलक्षण हो । यस उखानले कुनै पनि स्थितिमा गरिने कार्यको सफलता वा असफलताका आधारमा त्यसको प्राप्ति वा अप्राप्तिले पनि कुनै फरक नपर्ने परिस्थितिजन्य बृहत्तर आर्थीसम्बन्धलाई सन्दर्भित गरेको छ ।

टक्सार क्षेत्रका उखानमा असम्बद्ध कार्यकारण सम्बन्ध भएका विषयका माध्यमबाट कथ्यसन्देश प्रस्तुत गर्ने क्रममा पारिस्थितिक सन्दर्भ अभिव्यक्त भएको छ । पारिस्थितिक सन्दर्भका प्रतिकूल परिस्थितिमा अनुकूलता खोज्ने आर्थीसम्बन्ध निम्नलिखित उखानमा प्रस्तुत भएको छ । हात्ती उडाउने बतास आयो प्यूरी खोज्छे बूढी (कृष्ण श्रेष्ठ वर्ष ५३ सँगको अन्तर्वार्ता) । व्यक्तिकेन्द्री परिस्थितिलाई सम्बोधन गर्ने यस उखानमा आफूमाथि आइलागेको विकराल स्थितिको सामना गर्ननसक्ने अवस्थालाई न्यूनीकरण गर्ने सहयात्रीको भूमिकाका माध्यमबाट मान्छेका सामु जुन खालको परिस्थिति छ त्यसको सामना गर्नका लागि त्योभन्दा शक्तिशाली हनुको विकल्प नरहेको पारिस्थितिक सन्दर्भलाई पुष्टि गरेको छ । अनपेक्षित रूपमा आर्जन भएका वस्तुको दुरुपयोग हुने कार्य–कारण सम्बन्ध प्रस्तुत गर्ने निम्नलिखित उखानमा बिना श्रम आर्जित वस्तु कसरी बिना प्रयोजन समाप्त हुन्छन् भन्ने पारिस्थितिक सन्दर्भलाई प्रस्तुत गरेको छ । उल्फाको धन फूपूको श्राद्ध (ऐजन) । प्रस्तुत उखानमा अवैधानिक मार्गबाट प्राप्त विषयको दुरुपयोग गर्ने माध्यम समाज असम्बद्ध क्रियाकलापका माध्यमबाट हुने सामाजिक सन्दर्भको प्रस्तुति भएको छ । समाजमा अवाञ्छित क्रियाकलापलाई संस्थागत र संस्कृतीकरण गर्ने यसप्रकारका कार्य बन्दनीय नभई निन्दनीय हुन् भन्ने आर्थीसन्दर्भलाई प्रस्तुत गर्ने यस उखानमा निहित कथ्यसन्देश पारिस्थितिक सन्दर्भ प्रस्तुतिको मुख्य आधार हो । एउटा कामका सन्दर्भमा अनेक कार्य गर्ने कार्य–कारण सम्बन्धका आधारमा निर्माण हुने पारिस्थितिक सन्दर्भ निम्नलिखित उखानमा भएको छ । पशुपतिको जात्रा सिद्राको व्यापार (ऐजन) । मान्छेमा अवशिष्ट विशिष्ट चेतनाका कारण एउटा प्रयोजनका लागि गरिने कामका सन्दर्भमा अनेक कार्य गर्नसकिने विषयगत आर्थीसम्बन्धलाई सन्दर्भित गर्ने यस उखानमा मान्छेले जीवन र वस्तुजगत्लाई एक दृष्टिले नभई अनेक कोणबाट हेर्नुपर्ने र हेर्नसकिने पारिस्थितिक सन्दर्भलाई अभिव्यक्त गरेको छ ।

नेपाली उखानको सार्विक विशेषता तथा आर्थीसम्बन्धलाई प्रस्तुत गर्ने टक्सार क्षेत्रका उखानमा स्थानिक परिस्थिति र तद्विषयक परिवेशको प्रस्तुति भएको छ । यहाँका उखानले विपरीत कार्यकारण सम्बन्ध भएका विषयका माध्यमबाट पारिस्थितिक सन्दर्भको निर्माण भएको छ भने निम्नलिखित उखानमा उपर्युक्त पक्षको पृष्ठपोषण भएको छ । भाङ्ग्राको टोपीलाई गुहेँलीको फूल (अमृत तामाङ वर्ष ४८ सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानले सुन्दर र असुन्दरका माध्यमबाट कथ्यविषय र सन्देशलाई सन्दर्भित गरेको छ । उस उखानमा आएका विषय परस्परमा असम्बद्ध छन् भने अनमेल तथ्य र प्रमाणका आधारमा आफ्ना तर्कसँग सहमत हुन गरिने अभ्यासका कारण सिर्जित भिन्न पक्षलाई दिशाबोध गरी पारिस्थितिक सन्दर्भका साथै समाजमा रहेका यसप्रकारका प्रवृत्तिलाई निरुत्साहित गर्न प्रेरित गरेको छ । समाजमा स्थापित रहेका ज्ञानलाई अवमूल्यन गरी नवीन मूल्यका नाममा अघिसारिने असम्बद्ध विषयको प्रस्तुति निम्नलिखित उखानमा भएको छ । इन्द्रको अगाडि स्वर्गको बयान (ऐजन) । प्रस्तुत उखानमा जो व्यक्ति वा वस्तु जुन विषयका गुण र ज्ञानसँग सम्बन्धित छ त्यसैका सामु ती विषयका बारेमा गरिने विमर्शको तर्क र तथ्यहीनता अभिव्यक्त भएको छ । विज्ञताका नाममा अनभिज्ञ विषयका बारेमा गरिने विमर्शबाट कुनै पनि तथ्यपरक निष्कर्ष प्राप्त नहुने पारिस्थितिक सन्दर्भको प्रस्तुति यस उखानमा अभिव्यक्त अन्तर्वस्तु हो भने समाज निर्माणका लागि व्यक्ति वा समुदाय नभई सिङ्गो समाजकै भूमिका गतिशील हुनुपर्ने सन्दर्भ निम्नलिखित उखानमा भएको छ । एक हातले ताली बज्दैन (ऐजन) । यसका साथै समाज परस्परमा द्वन्द्वात्मक सहअस्तित्व भएका मानव समुदायको एकीकृत व्यवस्था रहेकाले यसको व्यवस्थापन र सञ्चालनमा इकल व्यक्ति वा समुदायको भूमिका निष्प्रभावी रहने पारिस्थितिक सन्दर्भ निम्नलिखित उखानमा अभिव्यक्त भएको छ ।

उखानले अभिव्यक्त गर्ने कथ्यविषय र कथ्यसन्देशको अन्तर्यमा कार्यकारण सम्बन्धको महत्त्वपूर्ण भूमिका रहन्छ । टक्सार क्षेत्रका उखानमा व्यतिरेक सम्बन्ध भएका विषयको अन्वयबाट पारिस्थितिक सन्दर्भ एवम् आर्थीसम्बन्ध स्थापना भएको छ । शक्तिहीनले शक्तिको प्रदर्शन गरी सिर्जना गर्ने प्रतिकूल पारिस्थितिक सन्दर्भ निम्नलिखित उखानमा भएको छ । जुन गोरुको सिङ छैन उसको नाम तिखे (बखतबहादुर श्रेष्ठ वर्ष ५० सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानले केही नभएर पनि सबैथोक भएको प्रमाणित गर्ने मानवीय लालसाबाट निर्माण हुने प्रतिकूल परिस्थितिलाई सन्दर्भित गरेको छ । सामाजिक व्यवहारमा केही भएर नै केही हसन्छ भन्ने मान्यताबाट विमुख भई मसँग सबैथोक छ भन्ने अहम्का कारण उत्पन्न विषम अवस्था तथा त्यसले सङ्केत गर्ने प्रतिकूलता पारिस्थितिक सन्दर्भ प्रस्तुतिको माध्यम हो । कार्य र कारणका बीचमा तालमेल नभई एउटा कार्यका लागि दोस्रो कार्यका विषयमा संज्ञान नलिने अवस्थाका कारण उत्पन्न विषयकस्थिति निम्नलिखित उखानमा पारिस्थितिक सन्दर्भका रूपमा अभिव्यक्त भएको छ । बिहे गर्ने हतारोले केटी माग्न बिर्स्यो (ज्ञानेन्द्र पाण्डे वर्ष ४२ सँगको कुराकानी) । प्रस्तुत उखानले बिहे गर्ने सन्दर्भलाई प्राथमिकतामा राखेको कथ्यसन्देशको अन्तर्यमा केटी खोज्ने विषय ओझेलमा परेको सन्देशका माध्यमबाट जुनसुकै कार्यका लागि निर्माण भएका विधिविधानअनुसार गतिशील हुनुपर्ने अवधारणा प्रस्तुत गरेको छ । मुख्य कार्यलाई बेवास्ता गरी सहायक कार्यलाई प्राथमिकता दिँदा उत्पन्न प्रतिकूलता वा प्रयोजनविहीनता यस उखानमा अभिव्यञ्जित पारिस्थितिक सन्दर्भ हो । अर्काको स्वामित्वलाई आफ्नो मानी त्यसको दुरुपयोग गर्ने आर्थीअभिलक्षण प्रस्तुत यर्ने निम्नलिखित उखानमा पारिस्थितिक सन्दर्भको सशक्त उपस्थिति छ । बाघको छालामा स्यालको रजाइँ (ऐजन) । उपर्युक्त उखानमा आफ्नो स्वामित्व नै नभएका विषयमा आधिपत्य स्थापित गरी त्यसमाथि रौरव देखाउने मानवीय वृत्ति, प्रवृत्ति र त्यसले सिर्जना गर्ने प्रतिकुल परिस्थिति मुख्य सन्दर्भका रूपमा प्रस्तुत भएको छ । टक्सार क्षेत्रका उखानले व्यक्ति, समुदाय र समाजका रहेका विविधतापूर्ण परिस्थितिलाई कथ्यसन्देशका रूपमा प्रयोग त गरेको छ नै यसका साथै समाजोपयोगी आप्तवाक्यका आधारमा संज्ञानात्मक सन्दर्भले संवहन गर्ने बृहत्तर आर्थी क्षेत्र पनि यसको सार्विक विशेषता हो ।

**टक्सारका उखानमा संज्ञानात्मक सन्दर्भ**

संज्ञान मानव संस्कृतिको लामो सांस्कृतिक अभ्यासबाट निर्माण भएका ज्ञान र तिनमा रहेको बृहत्तर सन्दर्भको सारस्वरूप हो । संज्ञानले समाजमा स्थापित मूल्यमान्यताका साथै समाज सञ्चालनका लागि आवश्यक पर्ने अभेद्य ज्ञानको निर्माणसँग सम्बन्धित विषयलाई पुष्टि गर्दछ । संज्ञान सामाजिक अभ्यासको अन्तिम तह रहेकाले यसका माध्यमबाट समाज र यसको गतिशीलता पनि प्रस्तुत हुने गर्दछ । संज्ञान समाजमा सञ्चालित प्रथा, परम्परा, संस्कृति तथा सामाजिक व्यदहारको लामो अभ्यासबाट निर्माण हुने भएकाले यो मान्छेले स्वीकार गरेको अलिखित कानुकै रूपमा व्यवहृत हुने गर्दछ । टक्सार क्षेत्रका उखानमा सामाजिक संस्कृतिको सुदीर्घ अभ्यासबाट निर्माण भएका संज्ञानात्मक सन्दर्भको अभिव्यक्ति छ । यी अभिव्यक्तिले सूत्रात्मक वा सङ्क्षिप्त संरचनात्मक आवरणभित्रै पनि बृहत्तर आर्थीसन्दर्भलाई प्रस्तुत गरेका छन् । यस भेगका उखानले जीवनको दीर्घतर अनुभूतिबाट प्राप्त संज्ञानको अभिव्यञ्जना निम्नलिखित उखानमा भएको छ । आगो ताप्नु मूढाको कुरो सुन्नु बूढाको (कालीदास चापागाईं वर्ष ६७ सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानले नेपाली परम्परा र संस्कृति पुस्तान्तरणको प्रक्रियाका आधारमा जीवित र जीवन्त रहेको विषयलाई सन्दर्भित गर्दै पुस्तौंपुस्तासम्म पूर्वजले स्थापित गरेका ज्ञान पुस्तान्तरण भई अघिल्लो पिँढीलाई अनुकरण गर्ने नेपाली समाजमा स्थापित संज्ञानलाई प्रस्तुत गरेको छ । सामाजिक अभ्यासको संस्कृतीकरण भई स्थापित भएका ज्ञानको पुस्तान्तरण भई संज्ञानात्मक सन्दर्भको प्रस्तुति निम्नलिखित उखानमा भएको छ । मूला खाई वन पस्नु अदुवा खाई सभा बस्नु (कोमलबहादुर कार्की वर्ष ८० सँगको अन्तर्वार्ता) सामाजिक आचार व्यवस्थाअनुसार मान्छेको रसनसहन, चालचलन, अनुशासन व्यवस्थित र नीतिगत हुनुपर्दछ भन्ने कथ्यसन्देश प्रस्तुत गर्ने यस उखानले सभामा बस्ने सभासदको नैतिक आचरणसँग सम्बन्धित संज्ञानात्मक सन्दर्भलाई

प्रस्तुत गरेको छ। मान्छेको भूमिका स्थानसापेक्ष फरह रहने भएकाले जुन स्थानमा जे भूमिकामा मान्छेको उपस्थिति छ त्यस स्थानसापेक्ष आफूाई उच्च नैतिकतासहित प्रस्तुत गर्नुपर्दछ भन्ने कथ्यसन्देश उपर्युक्त उखानको अन्तर्वस्तु हो।

टक्सार क्षेत्रका उखानमा स्थापित सत्य र त्यससँग सम्बन्धित आर्थीपक्षको अभिव्यक्ति संज्ञानात्मक सन्दर्भका रूपमा भएको छ। अपरिर्वर्तनीय सत्यका सामु आममानिस निरीह छ र भविष्यमा पनि यो निरन्तर पुनरावृत्ति हुने प्रक्रिया रहेको संज्ञान निम्नलिखित उखानमा प्रस्तुत भएको छ। हो न हार दैव नटार (गोपालकृष्ण श्रेष्ठ वर्ष ५९ सँगको अन्तर्वार्ता)। प्रस्तुत उखानको अभिप्राय सत्य सत्य नै हो सत्यका सामु कुनै पनि शक्तिको केही जोर चल्दैन भन्ने नै हो। सत्यलाई असत्य होस् भन्ने कामना गर्न सकिन्छ तथापि यसलाई अस्वीकार गर्ननसकिने संज्ञान यस उखानले प्रस्तुत गरेको छ। जीवनयात्राका क्रममा मान्छे विभिन्न प्राकृतिक र स्वयम्द्वरा निर्मित संस्कृतिका कारण कठिनाईमा पर्ने तथा ती कठिनाईबाट पार्थक्य लिनका लागि मान्छे तयारी रहनुको विकल्प नै नरहने संज्ञानात्मक सन्दर्भको प्रस्तुति निम्नलिखित उखानमा भएको छ। मूर्दामाथि कात्रो (दिलबहादुर बानियाँ वर्ष ५७ सँगको अन्तर्वार्ता)। प्रस्तुत उखानमा मान्छे सदैव प्राप्तिका लागि प्रयत्नशील रहे पनि प्रप्तिकै प्रतिच्छायाका रूपमा अप्राप्ति जोडिएर आउने विषयप्रति सजग रहनुपर्ने आर्थीसन्दर्भभित्र एकपछि अर्को शृङ्खलाबद्ध भोगाईलाई स्वीकार गर्नु मानव नियति हो भन्ने संज्ञान यस उखानको कथ्यसन्देश हो। मान्छेलाई सत्मार्गतर्फ अभिप्रेरित गरी सभ्य, योग्य र ज्ञानी नागरिकका रूपमा समाजको उत्तरोत्तर प्रगतितर्फ लाग्ने सन्देश दिने टक्सार क्षेत्रका उखानमा सामाजिक नीतिविरुद्ध आचरण गर्ने शठताप्रति व्यङ्ग्यात्मक संज्ञान निम्नलिखित उखानमा प्रस्तुत भएको छ। भालुलाई पुराण (दिलबहादुर श्रेष्ठ वर्ष ६७ सँगको अन्तर्वार्ता)। व्यक्ति वा समुदाय शिक्षित भयो भने समाज विकसित हुने मान्यताका अन्तर्यमा सबैलाई समान रूपमा नैतिक बनाउनका लागि दिइने चेतनाको प्रभावलाई अवमूल्यन गरी शठताकै भरमा आफ्ना अपरिपक्व र असान्दर्भिक ज्ञानको पृष्ठपोषण गर्ने कुप्रवृत्तिप्रतिको अभिव्यञ्जना उपर्युक्त उखानको संज्ञानात्मक सन्दर्भको आधार हो। समाजले सांस्कृतिक अभ्यासबाट निर्माण गरेका ज्ञानका विपर्ययमा विश्वासको स्थापना गर्ने प्रयत्न असफल हुने संज्ञानात्मक सन्दर्भ निम्निलिखित उखानमा भएको छ। गधा धोएर गाई हुँदैन (तेजबहादुर तामाङ वर्ष ६७ सँगको अन्तर्वार्ता)। प्रस्तुत उखानले प्राकृतिक रूपले जुन वस्तुमा जे गुण छ यसको सार्विक विशेषता अपरिवर्तनीय रहने संज्ञानलाई प्रस्तुत गरेको छ।

टक्सार क्षेत्रका उखानमा स्थापित सत्य तथा समाज निर्माणका लागि प्रत्येक व्यक्ति, वर्ग, समुदाय, संस्कृति र सामाजिक सहअस्तित्वका आधारमा स्थापित विश्वासको प्रतिबिम्बन भएको छ। समाजमा रहेका विविधतापूर्ण संस्कृति र लोकविश्वासको पारस्परिक सहअस्तित्वका कारण सबै सामाजिक समूहका साझा विश्वासका रूपमा निर्माण भएका उखानले संज्ञानसम्बद्ध सन्दर्भका लागि आधार प्राप्त गरेका छन्। मान्छेको अन्तिम र शक्तिहीन विषयसँग सम्बन्धित संज्ञानको अभिव्यक्ति निम्नलिखित उखानमा भएको छ। डाँडामाथिको जून (पदमबहादुर कार्की वर्ष ५६ अन्तर्वार्ता)। शक्तिहीन शारीरिक अवस्थामा पुगेको मान्छेले आफ्ना उत्तराधिकारीलाई प्रचलित मान्यताकै सीमालाई अङ्गीकार गरे जीवन निर्वाहका लागि पछिल्लो पुस्तालाई सहज हुने तथा सजग गराउने संज्ञान निम्नलिखित उखानमा भएको छ। आफू नमरी स्वर्ग देखिन्न (पदम आले वर्ष ६७ सँगको अन्तर्वार्ता) जीवनलाई अग्रगति दिनका लागि अनुभव त्यस्तो माध्यम हो जसका माध्यमबाट पुस्तौपुस्ताले सहजताको अनसभव गर्नसक्दछन्। पुस्तान्तरणका क्रममा कुनै पनि कार्यका लागि त्यसप्रतिको अल्पज्ञान नभई पूर्ण ज्ञान न्यूनतम मापदण्ड रहने सन्दर्भलाई सन्दर्भित गर्ने प्रस्तुत उखानले जुन कार्यसम्बन्धी अनुभव मान्छेमा छैन त्यसप्रतिको चासो अशोभनीय हुने संज्ञानात्मक सन्दर्भलाई प्रतिबिम्बन गरेको छ। समाजलाई उर्बर र सभ्य बनाउनका लागि व्यक्तिका तुलनामा सामूहिक र समूहका तुलनामा समाजको प्रयास महत्त्वपूर्ण रहने संज्ञान निम्नलिखित उखानमा प्रस्तुत भएको छ। एक थुकी सुकी सय थुकी नदी (रामकाजी कार्की वर्ष ४६ सँगको अन्तर्वार्ता)। प्रस्तुत उखानमा समाज निर्माणका लागि एकल व्यक्तिको भूमिका सामाजिक अभ्यासमा औचित्यविहीन हुने भएकाले सबैले समान तर न्यून भूमिका निर्वाह गरे पनि त्यसले सार्थक रूप प्राप्त गर्ने संज्ञानात्मक सन्दर्भको प्रस्तुति भएको छ। समाज

निर्माणमा सामूहिक प्रतिबद्धता र सहभागितालाई सन्दर्भित गर्ने यस उखानमा स्वस्थ, समुन्नत र विकसित समाज निर्माणका लागि सामाजिक योगदानलाई संज्ञानात्मक सन्दर्भका रूपमा प्रस्तुत गरेको छ ।

उखान जीवन अनुभव पुस्तान्तरणको प्रक्रियाका माध्यमबाट प्रस्तुत र प्राप्त हुने विषय रहेकाले यो पहिलो पिँढीका अनुभवलाई पछिल्ला पिँढीमा हस्तान्तरण भई अस्तित्वमा रहने सङ्कथन हुन् । जीवनजगत्सम्बन्धी अनुभव र अनुभूतिका आधारमा जीवनको नश्वरता र क्षणभङ्गुरता निम्नलिखित उखानमा प्रस्तुत भएको छ । जीवन दुईदिनको रामछायाँ (रामबहादुर सुन्दास वर्ष ६८ सँगको अन्तर्वार्ता) । जन्म र मृत्युको बीचमा रहने जीवित शरीर पारिभाषिक रूपमा जीवन हो । जीवनको वस्तुता प्राणवान् हुनुमा छ भने सीमित समयका लागि प्राप्त जीवनको वास्तविक उपयोगिता परमार्थप्रधान हुनुपर्ने संज्ञानात्मक सन्दर्भ यस उखानको अन्तर्वस्तु हो । जनजीवन र यसको दीर्घकालीन अभ्यासबाट निर्माण भएका उखानमा जीवनलाई सही मार्गदर्शन गर्ने आधार हुन् । मान्छेले आफ्ना कर्तव्य सही समयमा गर्नुपर्ने स)ज्ञान निम्नलिखित उखानमा अभिव्यक्त भएको छ । रात रहे अग्राख पलाउँछ (अमृत तामाङ वर्ष ४८ सँगको अन्तर्वार्ता) । प्रस्तुत उखानमा समय बितिसकेपछि गरिएका कार्य वा काम गर्नका लागि पछि सारिएका अवधिको औचित्य नरहने कथ्यसन्देश अभिव्यक्त भएको छ । यस उखानले समाजलाई समयमै काम गर्नका लागि निर्देशनका साथै त्यसका लागि चेतावनी दिएको विषय नै यस उखानको संज्ञानात्मक सन्दर्भ हो । यसका अतिरिक्त समाज, राष्ट्र तथा राष्ट्रिय स्वाभिमानका साथै व्यक्तिगत स्वत्व स्थापित गर्ने संज्ञान निम्नलिखित उखानमा अभिव्यक्त भएको छ । कि त दरबारको बास, कि त चपरीमुनिको बास (केशरी घले वर्ष ३५ सँगको अन्तर्वार्ता) । नेपाल स्वाभिमानी र वीरहरूको भूमि हो । आफ्नो माटोको स्वाभिमान रक्षाका लागि आफ्नो ज्यानको बाजी लगाउने पुरुषका साथै आबाल, बृद्ध र वनिताको वीरतापूर्ण इतिहास छ । नेपाली समाजको ऐतिहासिक सन्दर्भका आधारमा प्रत्येक नेपाली वीर छन् । वीरको वीरता भन्नु नै धीरता, शौर्य, चतुऱ्याइँ र क्षमाशीलतासँगै परचक्रीको हुङ्कार र चुनौतिलाई सामना गर्ने प्रत्येक नेपालीमा अवशिष्ट रहेको संज्ञानात्मक सन्दर्भ यस उखानमा प्रतिबिम्बन भएको छ ।

टक्सार क्षेत्रका उखानले नेपाली समाजमा प्रचलनमा रहेका सामाजिक सन्दर्भका साथै यसमा सन्निहित गहन संस्कृतिक अभ्यासबाट निर्माण भएका ज्ञानलाई संज्ञानका रूपमा अङ्गीकार गरेको छ । सहजात प्रतिभा प्रकृतिप्रदत्त विषय भएकाले यसका गुणलाई प्रकट हुनका लागि कुनै माध्यमका आवश्यकता नपर्ने संज्ञान निम्नलिखित उखानमा भएको छ । अकबरी सुनलाई कसी लाउनु पर्दैन (कृष्ण श्रेष्ठ वर्ष ५३ सँगको अन्तर्वार्ता) । जुन वस्तु प्राकृतिक रूपले नै सम्पन्न छ त्यसको सौन्दर्य मूल्याङ्कनका लागि कुनै मापनीय एकाइको आवश्यकता नपर्ने संज्ञान यस उखानको अन्तर्वस्तु हो । मान्छेमा रहेको गुण र चेतना नै अन्य प्राणीबाट अलग तुल्याउने विभेदक अभिलक्षण हो भने प्रतिभा स्वयम् व्यक्तिलाई पहिचान दिने प्राकृत विषय हो । प्रकृति प्रदत्त सौन्दर्यका रूपमा मान्छेले प्राप्त गरेको विशिष्ट गुणका कारण नै समाजमा अलग व्यक्तित्व प्राप्ति यस उखानले प्रतित्रिम्बन गरेको संज्ञानात्मक सन्दर्भ हो । सामाजिक ज्ञानका रूपमा अभिव्यक्त उखानमा समाजको प्रयासबाट निराकरण हुनुपर्ने समस्याको समाधान स्वतः हुने संज्ञानको अभिव्यक्ति निम्नलिखित उखानमा भएको छ । कुचाले बढार्नु पर्ने कसिङ्गर हावाले उडायो (ज्ञानेन्द्र पाण्डे वर्ष ४२ सँगको कुराकानी) । समाज एकै स्वरूप र विशेषताबाट निर्माण हुने एकाइ नभई विविधतापूर्ण अङ्गको समन्वयबाट निर्माण हुने भएकाले समाज, संस्कृति र अभ्यासका बाधक तत्त्वका कारण सिर्जना हुने असामान्य परिस्थितिको स्वतः समाधान यस उनामा प्रतिबिम्बित संज्ञानात्मक सन्दर्भ हो । मान्छेको व्यक्तित्व निर्माणका लागि प्राप्त गर्ने अवसरलाई सदुपयोग गरे मात्र जीवनको सार्थकता सिद्ध हुने संज्ञान निम्नलिखित उखानमा भएको छ । मौकामा हीरा फोर्नु (बखतबहादुर श्रेष्ठ वर्ष ३७ सँगको अन्तर्वार्ता) । जीवनलाई परिभाषित गर्नका लागि प्राप्त अवसरलाई सही स्थानमा सही तरिकाले उपयोग गर्नु नै सफलताको कारण हो । यसका अतिरिक्त अवसर प्राप्त गरिरहँदा त्यसलाई सही ढङ्गले उपयोग गर्न नसक्ने मान्छे औचित्यविहीन जीवनको यात्री हुने संज्ञानात्मक सन्दर्भ यस उखानको सार हो ।

**निष्कर्ष**

टक्सार क्षेत्र विविधतायुक्त सामाजिक एकाइको संयोजनबाट निर्माण भएको छ । यस क्षेत्रमा सांस्कृतिक दृष्टिले ब्राह्मण, क्षेत्री, नेवार, तामाङ, राई, मगर, भूजेल र दलित जातिका विभिन्न उपसमूहको बसोबास छ । लोकसांस्कृतिक दृष्टिले विविधतापूर्ण प्रतिबिम्ब पाइने यो क्षेत्र लोकसाहित्य र संस्कृतिको उर्बर भूमि हो । लोकसाहित्यका लोकगीत, लोकनाटक, लोकगाथा, लोककथा, उखान, टुक्का, गाउँखाने कथा आदि विधाको सम्यक् प्राप्ति हुने यस क्षेत्रका उपर्युक्त सबै विधा र तिनका उपविधाको खोज–अनुसन्धान न्यून मात्रामा भएका छन् । सांस्कृतिक विविधता भएको टक्यार क्षेत्रका उखान लोकसाहित्यको सैद्धान्तिक विषयका आधारमा विविध तरिकाले अध्ययनीय छन् । टक्सार क्षेत्रका उखानको अन्तर्वस्तुलाई नियाल्दा यसमा वैयक्तिक, भौतिक, पारिस्थितिक र संज्ञानात्मक सन्दर्भको यथोचित् प्रस्तुति भएको छ । यहाँका उखानको वैयक्तिक सन्दर्भका रूपमा व्यक्ति, परिवार, पारिवारिक जीवन र त्यससँग सम्बन्धित पक्षका अतिरिक्त व्यक्तिको समाज, संस्कृति र संज्ञानसँग सम्बन्धित पक्षको प्रस्तुति भएको छ । परम्परानिष्ठ पितृसत्तात्मक समाज र यसले उत्पादन गरेको ज्ञानका कारण दमनमा परेका नारी अथावा नारीका सम्बन्धमा निर्माण भएका भाष्यमा अन्तर्निहित विषय र त्यसले निर्देश गरेका सन्दर्भ वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत भएको छ । समाज र सामाजिक प्राणीका रूपमा व्यक्ति, परिवार, समुदाय र समाजको बृहत्तर छातामा लिङ्गलाई आधार मानी निर्माण भएका भाष्य यस क्षेत्रका अधिकतर उखानले संवहन गर्ने वैयक्तिक सन्दर्भ हो । यसका अतिरिक्त व्यक्तिका चाहना, आकाङ्क्षा र वैयक्तिक चेतनाको प्रतिबिम्बन भएका उखानमा समाजप्रदत्त ज्ञानलाई बाध्यात्मक रूपमा स्वीकार गर्नुपर्दा मानव मानसिकतामा उत्पन्न हुने आक्रोश पनि वैयक्तिक सन्दर्भका रूपमा प्रस्तुत भएका छन् ।

टक्सार क्षेत्रका उखानमा पाइने दोस्रो महत्त्वपूर्ण सन्दर्भ भौतिक सन्दर्भ हो भने यस प्रकारका उखानले यस क्षेत्रको सार्विक विशेषतालाई प्रस्तुत गरेका छन् । नेपाली उखानका सार्विक विशेषतासँग मेल खाने विशेषता भएका यस क्षेत्रका उखानले सामाजिक यथार्थको प्रतिबिम्बनका अतिरिक्तआर्थिक, व्यवहारिक र लोककल्याणसँग सम्बन्धित सन्दर्भलाई प्रस्तुत गरेका छन् । टक्सारका उखानले प्रस्तुत गर्ने भौतिक सन्दर्भ स्थानीक र नेपाली परिवेशमा घटित र व्यवहृत हुने अवस्थालाई द्योतन गरेका छन् । यस क्षेत्रका उखानले दैनिक व्यवहारमा आइपर्ने कार्य तथा त्यसको व्यवहारिक प्रयोजनका साथै यस क्षेत्रको जनजीवत र जीविकालाई भौतिक सन्दर्भका रूपमा प्रतिबिम्बन गरेका छन् । टक्सारक्षेत्रका उखानमा जनजीवन र त्यससँग सम्बन्धित अनुभूति र अनुभवको सारपूर्ण अभिव्यक्ति प्रस्तुतिका क्रममा जीवन जस्तो छ त्यस्तै प्रतिबिम्ब प्रस्तुत हुनु यसको भौतिक सन्दर्भगत प्राप्ति हो । टक्सारक्षेत्रका उखानमा वैयक्तिक र भौतिक सन्दर्भकै सापेक्ष पारिस्थितिक सन्दर्भको पनि सशक्त उपस्थिति छ । पारिस्थितिक सन्दर्भका रूपमा यस क्षेत्रका उखानले मानवीय जीवन निर्वाहका क्रममा आउने आर्थिक, सांस्कृतिक र सामाजिक सन्दर्भका अन्तर्यमा मान्छेका कार्य, व्यवहार र अनुभूतिमा रहने द्वन्द्वात्मकता, कार्यकारण, अनाचार व्यतिरेकजस्ता विषयको उद्बोधन गरेका छन् । मानवीय अनुभूतिको सारस्वरूप आएका उखानमा वैयक्तिक विषयलाई संज्ञानसँग जोडी प्रस्तुत गर्ने सन्दर्भमा निर्मित परिस्थितिको संश्लेषित सन्दर्भ प्रस्तुत भएका यस क्षेत्रका उखानमा मान्छेलाई नैतिक, आदर्श र व्यवहारिक ज्ञान दिने तथा सामाजिक सद्भावको विकल्पविहीन पक्षलाई सन्दर्भित गर्ने आर्थी अभिलक्षण अभिव्यक्त भएका छन् ।

समाजमा गतिशील लामो सामाजिक र सांस्कृतिक अभ्यासबाट निर्माण भएका तथा जीवनोपयोगी जीवनदर्शन र दिशानिर्देश गर्ने अन्तर्वस्तु भएका उखानका कारण लोकसाहित्यिक सम्पदाका दृष्टिले टक्सार क्षेत्र समृद्ध छ । सांस्कृतिक विधानका रूपमा प्रचलनमा रहेका यस क्षेत्रका उखानमा जीवनोपयोगी दीक्षाका साथै आदर्शवान् जीवनका लागि संज्ञानको स्पष्ट अभिव्यक्ति प्रस्तुत भएको छ । मान्छेले जीवनमा गर्न हुने र नहुने विषयका साथै समयको गतिशीलतालाई आत्मसात् गरी मान्छेका लागि निर्माण भएका सामाजिक र सांस्कृतिक रीतिलाई अवलम्बन गर्नु नै सुखी र समृद्ध हुने आधार रहेने

संज्ञान प्रस्तुत गर्ने यस क्षेत्रका उखानले मान्छेको महत्त्वपूर्ण गहना भन्नु नै उसको स्वाभिमानलाई केन्द्रमा राखी उच्च नैतिक जीवन बाँच्न प्रेरित गर्ने संज्ञानात्मक सन्दर्भ प्रतिबिम्बन भएका छन् । जीवनजगत्को लामो अभ्यासबाट निर्माण भएका टक्सार क्षेत्रका उखान पुस्तौं पुस्तासम्म शिक्षा र सदाचारको संज्ञानात्मक सन्दर्भ प्रस्तुत भएको निष्कर्ष हुनआउँछ ।

**सन्दर्भ सामग्रीसूची**

अधिकारी, अनिल (२०७४). ‟टक्सारक्षेत्रका संस्कृति र लोकसाहित्यको अन्तर्सम्बन्धको विवेचना”. *सहयात्रा*, १(१), पृ. १–२१ ।

अधिकारी, अनिल (२०७४). ‟आमाले सोध्लिन् नि खै छोरो भन्लिन् गीतको सन्दर्भ विश्लेषण”. *अध्ययन जर्नल*, X(१०), पृ. ६३–७१ । म्इक्स् जततउकस्रमयष्।यचनरज्ञण्।घज्ञद्दटरबव।खज्ञण्ज्ञण्।छठघछद्ध

एटम, नेत्र (सम्पा.) (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश*, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०६८). ‟सङ्कथन विश्लेषण”. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड*, (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्न पुस्तक भण्डार, पृ. ५७१–५९१ ।

घिमिरे, वासुदेव. (२०६९). *सङ्कथन विश्लेषण*, एन्टेक्चुअल्ज बुक प्यालेस ।

तिमल्सेना, बाबुराम (२०७७). *संस्कृत सूक्ति र नेपाली लोकोक्तिको तुलनात्मक अध्ययन*, (अप्र. विद्यावारिधि शोधप्रबन्ध), काशी हिन्दुविश्वविद्यालय, भाषा विभाग ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१). *नेपाली लोकसाहित्यको विवेचना*, त्रि. वि. पाठ्यक्रम विकास केन्द्र ।

नेपाल, ज्ञानमणि (२०५९). *नेपाली साहित्यमा आदिकविको समस्या*, माधवप्रसाद धिताल, नेपाली इतिहास विकास समिति, पृ. १२७–१३०) ।

पराजुली, कृष्णप्रसाद (२०३९). *नेपाली उखान र गाउँ खाने कथा*, रत्न पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण (२०३६). *राष्ट्रभाषा*, साझा प्रकाशन ।

भारद्वाज, शिवप्रसाद (सन् २००७). *अशोक संस्कृतको हिन्दी अङ्ग्रेजी शब्दकोश*, अशोक प्रकाशन ।

शर्मा, सुकुम (२०५९). *नेपाली भाषामा टर्नरको योगदान*, ओरिएन्टल पब्लिकेसन ।

शास्त्री, रामकृष्ण (सन् १९६३). *वैदिक सूक्तमञ्जरी*, चौखम्बा विद्या भवन ।

Baldick, C. (2015). *The Oxford Dictionary of Literary terms.* (4th ed). Oxford University Press.

Child, Pitter and Rose Flower.(2015). *The Routledge Dictionary of Literary terms.* (3th ed). Routledge publications.

Cuddon, J. A.. (1976/2020). *A Dictionary of Literary Terms and Literary Theory*. (5th ed). Wiley-Blackwell.

Flowerdew, Jhon. (2013). *Discourse in English Language Education*, (3th ed). Routledge publications.

Gee, James Paul. (2011). *An Introduction To Discourse Analysis : Theory and Method*, (3th ed). Routledge publications.

Halliday, M. A. K. and M. I. M Matthiessen. (2004). *An Introduction To Functional Grammar*, (3th ed). Hodder Arnold.

**स्रोत व्यक्तिहरू**

१. अमृत तामाङ (वर्ष ४८) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ८ ।

२. कालीदास चापागाईं (वर्ष ६७) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ८ ।

३. केशरी घले (वर्ष ३५) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ९ ।

४. कोमलबहादुर कार्की (वर्ष ८०) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ७ ।

५. कृष्ण श्रेष्ठ (वर्ष ५३) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ९ ।

६. गोपालकृष्ण श्रेष्ठ (वर्ष ५९), भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ८ ।

७. गोविन्द चापागाईं (वर्ष ५८), भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ८ ।

८. ज्ञानेन्द्र पाण्डे (वर्ष ४२) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ७ ।

९. दिलबहादुर बानियाँ (वर्ष ५७) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ७ ।

१०. तेजबहादुर तामाङ (वर्ष ६७) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ७ ।

११. पदम आले (वर्ष ६७) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ८ ।

१२. पदमबहादुर कार्की (वर्ष ५६) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ९ ।

१३. फूलमाया चापागाईं (वर्ष ८६) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ८ ।

१४. बखतबहादुर श्रेष्ठ (वर्ष ५०) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ९ ।

१५. बलराम कार्की (वर्ष ६८) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ७ ।

१६. रामकाजी कार्की (वर्ष ४६) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ८ ।

१७. रामबहादुर सुन्दास (वर्ष ६७) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ८ ।

१८. हेमबहादुर राई (वर्ष ४३) भोजपुर नगरपालिका –१२, साविक टक्सार गा. वि. स. वडा न. ९ ।